ISSN 2091-1629

गौरी मासिक

GAURI MASIK

वर्ष २५, अङ्क ५, २०८२ असोज, पूर्णाङ्क २३३

मूल्य रु. ४५/-

दुर्गा पाञ्चायन मन्दिर

पोखरा- १९, चुरुङ्गा, कास्की

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

शुभकामना
नेपालीहरुको महान पर्व बडा दसैं, शुभ दीपावली, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वको सुखद् अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।
रामजी मरहट्टा अध्यक्ष एवम्
मरहट्टा सेवा प्रतिष्ठान नेपाल परिवार
केन्द्रीय कार्यालय काठमाडौं, नेपाल ।

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
सह-सम्पादक
भागवतश्री न्यौपाने (९८१३०१०२०२)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुर्‍याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

सम्पर्क कार्यालय
मैतीदेवीमार्ग, सेतोपुल, काठमाडौं
फोन नम्बर- ०१-४५३४१४१
इमेलः- masikgauri@gmail.com / gauri_2062@yahoo.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २१, अङ्क १, २०८२ पूर्णाङ्क २३३

असोज २०८२

	१	८	१५	२२	२९
	२	९	१६	२३	३०
	३	१०	१७	२४	३१
	४	११	१८	२५	गौरी
	५	१२	१९	२६	गौरी
	६	१३	२०	२७	गौरी
	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

अविच्छिन्न
८

संक्षिप्त महाभारत

अघिल्लो अंकबाट क्रमशः

भीष्मसँग अम्बाको शत्रुता

भीष्मको अगाडि उनीहरूको के चल्थ्यो र ! सबैलाई सोत्तर पारेर तीनवटी राजकन्यालाई एकएक गर्दै जबर्जस्ती आफ्नो रथमा बसाले र हस्तिनापुरतर्फ प्रस्थान गरे ।

सौम देशका राजा शाल्व शूरवीर र स्वाभिमानी थिए । उनले काशीराजकी छोरी अम्बालाई धेरै मन पराएका थिए र अम्बाले पनि मनमनै शाल्वलाई स्विकारेकी थिइन् । शाल्वले भीष्मलाई पछ्याउदै युद्ध गर्न थाले । धेरै बेरसम्म घमासान युद्ध भयो तर भीष्मको अगाडि उनको के चल्थ्यो र ? यो लडाइमा उनको मृत्यु पनि हुन सक्थ्यो तर काशीराजका छोरीहरूको अनुरोधमा भीष्मले शाल्वलाई जीवितै छाडिदिए ।

अनि भीष्म तीन किशोरी लिएर हस्तिनापुर पुगेर विचित्रवीर्यको विवाहको तयारीमा जुटे । त्यही समयमा जेठी राजकुमारी अम्बाले भीष्मलाई एकान्तमा बोलाएर भनिन्– "हे गङ्गापुत्र ! तपाई धर्मज्ञ एवम् न्यायी हुनुहुन्छ, मैले त शाल्वलाई मनमनै पति मानिसकेकी छु, तपाईंले मेरो स्वीकृतिविना बलपूर्वक यहाँ ल्याउनुभयो । तपाई आफै ज्ञानी हनुहुन्छ, मेरो कुरा यही हो । तपाई आफै भन्नुहोस्, अब मैले के गर्न उचित हुन्छ ?" भीष्मलाई अम्बाको कुरामा चित्त बुझ्यो । अनि उनको चाहना अनुसार सुरक्षाको उचित प्रबन्ध गरेर अम्बालाई शाल्व भए ठाउँमा पठाइदिए । बाँकी दुई राजकुमारीको विचित्रवीर्यसँग विवाह गराए ।

अम्बा त्यहाँबाट शाल्व भए ठाउँमा गएर सम्पूर्ण घटना सुनाउँदै भन्न लागिन्– 'हे महाराज ! मैले तपाईलाई आफ्नो पति मानिसकेकी छु । मेरै अनुरोधमा भीष्मले मलाई यहाँ पठाएका हुन् । अब विधिविधान अनुसार मलाई विवाह गरेर भित्र्याउनुहोस् ।' तर अम्बाको यो अनुरोध शाल्वले स्वीकारेनन् । 'मलाई युद्धमा हराएर भीष्मले बलपूर्वक तिमीलाई लगेका हुन् । अर्काले जितेर लगेकी स्त्रीलाई म कसरी आफ्नी पत्नी बनाउन सक्छु ? अब तिमी भीष्मसँग नै जाऊ । त्यसैमा तिम्रो कल्याण छ ।' भनेर शाल्वले अम्बालाई पुनः भीष्म कहाँ नै फिर्ता पठाए ।

बिचरी अम्बा त्यहाँबाट विवश भएर फेरि हस्तिनापुर नै फर्किइन् र सारा घटना भीष्मलाई सुनाइन् । भीष्मले पनि के गरून् । उनले विचित्रवीर्यलाई सम्झाउँदै भने– 'शाल्वले अम्बासँग विवाह गरेको छैन, त्यसैले तिमीले उनीलाई स्वीकार गर ।' तर विचित्रवीर्य अम्बालाई विवाह गर्न पटक्कै राजी भएनन् र भने– 'अर्कालाई मन पराएकी कन्यालाई मैले कसरी विवाह गर्ने ?' यता भीष्म आफै प्रतिज्ञाबद्ध भएकाले उनले विवाह गर्ने कुरै भएन । अर्काले जितेर लगेकी कन्या विवाह नगर्ने भनी शाल्वले फिर्ता पठाएको र विचित्रवीर्यले पनि अरूसँग प्रेममा परेकी हुनाले स्वीकार नगर्दा अम्बा अलपत्रमा परिन् । क्रमशः

प्रस्तुतिः केदारनाथ खनाल,
भीमसेनथापा– ३, तान्द्राङ, गोरखा

वि.सं. २०८२ सालको दसैंका शुभसाइतहरू

१. वि.सं. २०८२ साल असोज ६ गते सोमवार नवरात्रारम्भ, घटस्थापना विहान ९:१३ बजे

२. वि.सं. २०८२ साल असोज ७ गते मङ्गलवार– झण्डा फेर्ने, बिहान ९:५३ बजे (पूर्व मोहडा)

३. वि.सं. २०८२ साल असोज ११ गते शनिवार श्रीपचलीभैरव यात्रा ।

४. वि.सं. २०८२ साल असोज १३ गते सोमवार– फूलपाती, श्रीतुलजाभवानी यात्रा बिहान ७:१७ बजे

स्थिरासन विहान ९:२३ बजे

५. वि.सं. २०८२ साल असोज १४ गते मङ्गलवार– महाष्टमी, कालरात्रि

६. वि.सं. २०८२ साल असोज १५ गते बुधवार– महानवमी

७. वि.सं. २०८२ साल असोज १६ गते बिहीवार– विजया दशमी, देवी विसर्जन, बिहान ९:२३ बजे

टीका बिहान ११:५३ बजे (पूर्व मोहडा) (टीका लगाइ माग्ने पूर्व फर्किने) श्री तुलजाभवानी यात्रा, दिवा १२:१९ बजे स्थिरासन दिवा १:१७ बजे, खड्गयात्रा ।

८. वि.सं. २०८२ साल असोज २० गते सोमवार अखिलबलिपूर्ति ।

वि.सं. २०८२ साल असोज २० गते सोमवार कोजाग्रतव्रत, पूर्णिमाव्रत ।

सम्पादकीय

गौरीको गरिमा

समयक्रमसँगै गौरी मासिक पत्रिका प्रकाशनको निरन्तरतामा अर्को एक वर्ष थप भएको छ । यो असोज अंकको प्रकाशनबाट गौरी २१औं वर्षमा प्रवेश गरेको छ । पत्रिका प्रकाशनका लागि आर्थिक श्रोत व्यवस्थापन, प्रशासनिक कार्य सञ्चालन, बिक्रीवितरणका लागि यी वर्षहरू सहज पक्कै छैनन् । ती सबै पक्षको पूर्णताका लागि निकै परिश्रम र प्रयत्न गर्दै गौरीको टिम अघि बढेको छ । तर, गौरीप्रति आमपाठक, विद्वान् लेखक, सीमित मात्र भए पनि विज्ञापन उपलब्ध गराउने मनकारी विज्ञापनदाता तथा अथाह माया र सद्भाव दर्शाउने शुभचिन्तकहरूको साथले भने गौरीको हरेक यात्रालाई गरिमामय बनाएको छ र हरेक अंकमा वसन्त छाएको छ । यसका लागि सम्बन्धित सम्पूर्णमा हार्दिक कृतज्ञता र आभार प्रकट गर्दछौं ।

सञ्चार माध्यमको मुख्य भूमिका र धर्म अनुसार नै गौरीले आध्यात्मिक, धार्मिक, सांस्कृतिक, नैतिक लगायतका विषयलाई समेटी व्यक्ति र समाजमा सकारात्मक र ज्ञानवर्द्धक सन्देश प्रवाह गर्दैआएको छ । गौरीका गुथी फुकाउँदा सबैले आफ्नो रुचिको गाँस भेट्छन्, जीवन र जगत्प्रति उज्यालो ज्योति भेट्छन्, देश दर्शन र पर्यापर्यटनका लागि पाइला चाल्न प्रेरित हुन्छन्, सकारात्मक सोच र ऊर्जाले युक्त भई रचनात्मक कार्यमा सक्रिय बन्दछन् । गौरीले देखाएको मार्ग नै यस्तो छ कि, जहाँ जुनकुनै उमेर समूह र विचारका व्यक्तिहरूले व्यवस्थित यात्रा तय गरी जीवनको लक्षित गन्तव्य भेट्न उपयोगी सारथी फेला पार्दछन् ।

गौरीले प्रकाशनका क्रममा समाजमा भएको तीव्र परिवर्तनका साथै राज्य व्यवस्था परिवर्तनको समेत साक्षी बनेको छ । भर्खरै मात्र नवपुस्ताको परिवर्तनप्रतिको चाहनाले घटित क्रान्ति पनि यसले देखेको छ । गौरीले यस्ता परिवर्तनबाट प्राप्त सकारात्मक नतिजालाई संस्थागत र स्थायीत्व दिलाउन आफ्नो विशेषता अनुसारको प्रभावकारी भूमिका निर्वाह गर्नेछ । विचारको सम्प्रेषणमार्फत प्रौढ पुस्ता हुँदै नवपुस्तासम्मलाई जोड्ने सेतु र अन्तरक्रिया गर्ने थलो बन्नेछ । अन्त्यमा, नवपुस्ताको जोश र प्रौढ पुस्ताको होशपूर्ण सहकार्यले सकारात्मक परिवर्तनहरू प्राप्त हुन सकून् भन्ने अपेक्षाका साथ हिन्दुहरूको महान् पर्व बडा दशैंको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । अस्तु,

यसभित्र

अविच्छिन्न

संक्षिप्त महाभारत — केदारनाथ खनाल — २

सम्पादकीय — ३

कविता

शुभकामना पुष्प — मुकुन्द शर्मा चालिसे — ४

गीताज्ञान

कर्मयोग — आचार्य खेमराज 'केशवशरण' — ५

सम-सामयिक

नवरात्री — प्रा. नवराज घिमिरे — ७

समय सन्दर्भ

कोजाग्रत पूर्णिमा — पं. दामोदर पौडेल — १०

आध्यात्मिक वार्ता

निर्लिप्त संसारी — श्रीमहेन्द्रनाथ गुप्त श्री'म' — १२

जात्रा पर्व

नाङ्गेचा प्याख — श्रीकृष्ण डंगोल — १५

देश दर्शन

दुर्गा पाञ्चायन मन्दिर — लवकुमार नेपाल — १७

शुभकामना

सेवा गरिरहन सक्ने.... — हरि मञ्जुश्री — २०

विशेष

❑ गौरी — सहप्रा. डा. विनु बाबा अर्याल — २१

❑ आमा गौरी — भुवनराज सुवेदी (शास्त्री) — २५

❑ गौरीलाई शुभकामना — गोपालकुमार मैनाली — २६

❑ पवित्र परिवेशमा..... — माया शर्मा — २८

फर्केर हेर्दा

गौरी वर्ष २० मा प्रकाशित लेखरचनाहरू — ३०

गतिविधि — ३४

शुभकामना पुष्प

– मुकुन्द शर्मा चालिसे

अध्यात्मका भाव मिठा जुटाई
जगाउँदै मानववर्गलाई
गौरी ! भएछौ बिससाथ एक
दिएर साहित्यविधा अनेक ॥

भाषा छ राम्रो अनि भाव राम्रो
समाजमा छर्छ प्रभाव राम्रो
गौरी ! मलाई प्रिय छौ कि यस्तो
मृगस्थलीको वनकुञ्ज जस्तो ॥

दुर्भावना नास्तिकता टुटाई
सद्‌भावना आस्तिकता जुटाई
सत्यं शिवंमा अनि सुन्दरंमा
खुल्छौ तिमी शब्द गरेर जम्मा ॥

पाएर सम्पादक योग्य साथी
चढ्दै रहेका अझ माथि माथि
दिऊँ शुभोद्‌गार म बारबार
अझै बढाऊ रचना बहार ॥

चल्दै रह्यौ मासिक पत्रिका हे !
स्रष्टा तिमी साथ अनेक आए
खुलाउँदै दिव्य रहस्य झाँकी
जाऊ सयौँ वर्ष रती नथाकी ॥❖

–कैलासकुञ्ज, बूढानीलकण्ठ ४

गीता तृतीय अध्याय

कर्मयोग



-आचार्य खेमराज केशवशरण

अर्जुन उवाच

अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ।
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ।३६।

अन्वयः हे वार्ष्णेय ! अथ केन प्रयुक्तः अथं पुरुषः अनिच्छन् अपि बलात् नियोजित इव पाप चरति ।

सरलार्थः हे विष्णोकुलभूषण ! श्रीकृष्ण ! अनि केबाट प्रेरित भएर नचाहिकन पनि जवर्जस्तिसित ल्याइए जस्तो भएर मानिस पाप कर्म गर्दछ त ?

भावविशारदाः कुल, वंश, वर्णअनुसार पनि स्वधर्म र परधर्म सम्झिनुपर्ने प्रसङ्ग आइरहेको छ । त्यसैले भगवान्ले अर्जुनलाई पटकपटक भारत, कौन्तेय, पाण्डव आदि भनेझैँ उनी पनि प्रसङ्ग अनुसार भगवान्लाई बोलाउँदछन् । भगवान्ले दोस्रो श्लोकमा अनियन्त्रित इन्द्रियहरूले प्रयत्न गरिरहेका पुरूषलाई पनि जबरजस्तीसित विचलित गरिदिने कुरा बताउनु भएको थियो । जीवनमा यस्ता अनेकौँ उदाहरणहरू पाइन्छन्, जहाँ मानिस चाहँदैनथ्यो पापकर्म गर्न तर पनि नचाहँदा नचाहँदै पनि उसबाट पाप हुने गरेको पाइन्छ । यो बलात् पापकर्म गराउने तत्त्व कुन हो त ? यो कुरा जान्ने अर्जुनलाई इच्छा हुन्छ । त्यसैको फलस्वरूप उनी यहाँ प्रश्न गर्दछन् । भगवान्ले रागद्वेषबाट मुक्त हुनुपर्ने कुरा बताउनुभयो ।

रागद्वेषबाट मुक्त हुने उपाय त गरौँला तर इच्छा नहुँदा नहुँदै पनि कति पापतिर लाग्न विवस देखिन्छन्, त्यसको चाहिँ कारण के होला ? अर्जुनको यो जिज्ञासाको आशय थियो, उनले धेरै कुरा सुने । श्रद्धारहित, ईर्ष्याग्रस्त, दोषबुद्धि, चेतनाशून्य, प्रकृति पराधिन जस्ता व्यक्तिहरू जीवनको सर्वोपरि लाभबाट वञ्चित हुने कुरा उनले सुनिसके । त्यसपछि राग र द्वेष दुवैले मानिसलाई लक्ष्य प्राप्तिमा बाधा पर्ने कुरा पनि उनलाई थाहा भयो । त्यसैले यी मध्ये कुनै वा यस्ता अन्य कुनै कारणले पो मानिसलाई बलात् पाप गराउँछ, गराउँदो रहेछ कि यो कुरा मनमा उठेकोले अर्जुन यहाँ प्रश्न गर्दैछन् ।

श्रीभगवानुवाच

काम एष क्रोध एष रजोगुणसमुद्भवः ।
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ।३७॥

अन्वयः एषः कामः एषः क्रोधः रजोगुणसमुद्भवः महाशनः महापाप्या, एवम् इह वैरिणं विद्धि ।

सरलार्थः भगवान्ले भन्नुभयो- यो काम हो र यही क्रोध पनि हो । यसको जन्म रजोगुणबाट भएको छ । यो कहिल्यै नअघाउने खन्चुवा हो र महापापी पनि हो । यसलाई तिमी यस जीवनमा बैरी सम्झ ।

भावविशारदः सुख भोगको वासनालाई नै काम भनिएको छ । कामको परिभाषा दिँदै महर्षि वात्स्यायन भन्दछन्- सुलभम् परित्याज्य दुर्लभम आकांक्षाति अर्थात् आफूसँग जे छ त्यसको गुनै नसम्झी आफूसँग नभएको दुर्लभ वस्तुको चाहिँ चाहना गर्नु नै काम हो । जहाँ काम हुन्छ त्यहाँ छायाँ बराबर बनेर सँगसँगै हिँड्ने क्रोध पनि उपस्थित भइहाल्दछ । दोस्रो अध्यायको ६२ औ श्लोकमा आइसकेको छ; कामात् क्रोधोऽभिजायते । पहिले मनमा कामना उठ्छ, कामना अन्धो हुन्छ । आफूसँग भएकालाई त त्यसले मूल्य दिँदैन । जो सम्भव छैन त्यसतिर पनि कामना लम्किन्छ । कामनाले उचित अनुचित, कर्तव्य अकर्तव्य, सम्पूर्ण सीमा नाघेर आफ्नो जाल फैलाउँदछ । अनि कामना उठेजति सबै सुलभ हुँदैन । अनि चाहेको कुरा पूरा भएन कि प्रचण्ड क्रोध उठ्दछ ।

काम र त्यसकै छाया रूप क्रोध दुवै रजोगुणबाट जन्मिएका हुन् । कामनाको कुनै अन्त हुँदैन । दन्किरहेको आगोमा पग्लेको घिउ कसैले खन्यायो भने त्यहाँबाट आगो शान्त हुने आशा कसैले गर्न सकिन्छ ? कामनाको रूप त्यही हो । विषयहरू जति नै जुटाइदिए पनि कामको आगो झन् झन् दन्किरहेको हुन्छ । आफ्नो बुढ्याइको बदलामा छोराको जवानी लिएर अनगिन्ती उपभोगहरूको लामो सिलसिला पूरा गरेर पनि सन्तुष्ट हुन नसकिरहेका राजा ययातिको भुक्तभोगी उद्‌गार कति मार्मिक छ-

न जातु कामः कामानां उपभोगेन शाम्यति ।
हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्धते ॥

(श्रीमद्भागवतमहापुराण ९/१९/१४)

त्यसैले छिनमा काम बनेर उक्साउने र छिनमा क्रोध बनेर जलाउने यस मानस ब्याधिलाई त्यसैले 'महासन' महाको खन्चुवा र महापाप्मा महापापी भनेर बताइएको छ । यही हो पूर्ण विवेकद्वारा शान्तिपूर्ण त्यागपूर्ण जीवन बनाइसकेकाहरूलाई पनि नचाहँदा नचाहँदै पथ भ्रष्ट तुल्याइदिने, मानव मात्रको बैरी । भगवान्ले अंशका रूपमा सत्, चित् र आनन्दको वास्तविक सत्ता भएको आत्मा पनि भ्रमवश भगवत भक्ति विमुख भएर संसारी बन्न पुग्दछ र कामको सर्वग्राही पञ्जामा पुग्दछ । जब कुनै दिन सद्गुरूको कृपाले शरणागतिको बाटो लिएर प्राणी भगवत भक्तितिर अभिमुख बन्ने सौभाग्यमय स्थितिमा पुग्दछ । अनि मात्र उसलाई यस महावैरीको पन्जाबाट पूर्ण रूपले मुक्त भनेर जीवनको पूर्णतातिर अग्रसर बन्ने स्वर्णिम अवसर प्राप्त हुन्छ । भगवत शरणागत भनेपछि मात्र वैराग्यको प्रकाशमा यसबाट छुटकारा मिल्दछ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

असोज महिनाका पर्व तथा विदा

१ गते इन्दिरा एकादशी व्रत/एकादशी श्राद्ध/विश्वकर्मा पूजा/वास्तु दिवस
२ गते द्वादशी श्राद्ध
३ गते त्रयोदशी श्राद्ध/मघा श्राद्ध/संविधान दिवस
४ गते चतुर्दशी श्राद्ध
५ गते औंसी श्राद्ध/पितृ विसर्जन
६ गते घटस्थापना व्रत/नवरात्र आरम्भ
१३ गते फूलपाती
१४ गते महाअष्टमी व्रत/कालरात्रि/गोरखकाली पूजा/भौमाष्टमी व्रत
१५ गते महानवमी व्रत/राष्ट्रिय चलचित्र दिवस/अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस
१६ गते विजया दशमी/देवी विसर्जन/विश्व अहिंसा दिवस
१७ गते पापांकुशा एकादशी व्रत
१८ गते दशैं विदा/शनि प्रदोष व्रत
२० गते कोजाग्रत व्रत/पूर्णिमा व्रत
२१ गते कार्तिक स्नान
२८ गते भौमाष्टमी व्रत/गोरखकाली पूजा/राधाष्टमी व्रत
३१ गते रमा एकादशी व्रत

शुभकामना

नेपालीहरूको महान पर्व बडा दसैं, शुभ दीपावली, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वको सुखद् अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

वैदिक उद्वोधन संध, परिवार
चावहिल, काठमाडौं

शुभकामना

नेपालीहरूको महान पर्व बडा दसैं, शुभ दीपावली, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वको सुखद् अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

श्रीहरि कीर्तन दिव्य सेवा समाज
पशुपति, काठमाडौं

नवरात्र

प्रा. नवराज घिमिरे

मानव जीवनमा शक्तिको महत्त्वपूर्ण स्थान छ । सम्पूर्ण चराचर जगत्को परिचालनका लागि शक्तिको आवश्यकता पर्दछ । शक्ति विना कुनै कार्य सम्भव छैन । सनातन हिन्दु धर्ममा माता भगवतीलाई शक्तिको रूपमा पुजिन्छ । अपरिमित ब्रह्माण्डको सृष्टि स्थिति र संहारकी कारण स्वरूपा कल्याणमयी त्रिगुणात्मिका जगदम्बा भगवती दुर्गा-भवानीको कृपा विना केही परिकल्पना हुन सक्दैन । माता भवानीको पूजा-आराधना सँधै गरिने भएता पनि वर्षका चार नवरात्रमा विशेष महत्त्वका साथ पूजा-आराधना गरिन्छ ।

चैत्रेऽश्विने तथाषाढे माघे कार्यो महोत्सवः ।
नवरात्रे महाराज पूजा कार्या विशेषतः॥ -श्रीमद्देवीभा. तृ. २४/२१

चैत्र, आश्विन, माघ र आषाढ मध्ये पनि चैत्र शुक्ल र आश्विन शुक्लको महिमा अत्याधिक रहेको छ ।

शरद्वसन्तनामानौ दुर्गमौ प्राणिनामिह।
तस्माद्यत्नादिदं कार्यं सर्वत्र शुभमिच्छता ॥ श्रीमद्देवीभा.तृ.२६/५

आश्विन शुक्लपक्ष प्रतिपदाका दिनदेखि आश्विन शुक्ल दशमीका दिनसम्म सभक्ति गरिने नवदुर्गा भगवतीको पूजा-अर्चना र प्रसाद ग्रहण नै हिन्दुहरूको महान् चाड विजयादशमी हो । पौषशुक्ल र आषाढ शुक्लमा पर्ने यी दुई नवरात्र गोप्य जस्तै छन् । शरद् ऋतुमा मनाइने शारदीय नवरात्र हो भने, वसन्त ऋतुमा वासन्तीय नवरात्र मनाइन्छ । शारदीय नवरात्र हाम्रो महान् चाड दशैं हो । वार्षिक रूपमा शरद्कालमा गरिने जगज्जननी दुर्गा भगवतीको पूजाले धन-धान्य प्राप्त भई विघ्न-वाधा हटेर जाने कुरा स्वयं भगवतीले मार्कण्डेय पुराण अन्तर्गत दुर्गासप्तशतीमा उल्लेख गर्नुभएको छ-

शरत्काले महापूजा क्रियते या च वार्षिकी ।
तस्यां ममैतन्माहात्म्यं श्रुत्वा भक्तिसमन्वितः ॥
सर्वाबाधाविनिर्मुक्तो धनधान्यसुतान्वितः ।
मनुष्यो मत्प्रसादेन भविष्यति न संशयः ॥

-दुर्गा सप्तसती १२/१२,१३

शास्त्रका अनुसार त्रेतायुगमा भगवान् श्रीरामले रावणसँग युद्ध गर्न जानु अघि नौ रातसम्म भगवतीको आराधना गर्नुभएको थियो । सोही आराधनाको प्रभावले रामले रावणमाथि विजय प्राप्त गर्नुभयो । रामले अन्यायी र अत्याचारी रावण (सत्यले असत्य)माथि विजय प्राप्त गरेको सु-अवसरमा नौ रातसम्म सम्पूर्ण नरनारीहरूले जुन हर्षोल्लासका साथ भगवती देवीको आराधना गरे, त्यो नवरात्रलाई चैत्र नवरात्र भनिन्छ । त्यस्तै, महिषासुर, रक्तबीज, शुम्भ-निशुम्भ आदि दैत्यहरूको उपद्रवबाट समस्त देवता-मानवहरूको भगवती दुर्गाले रक्षा गरेपछि हर्षित प्राणीहरूले जुन किसिमको पूजा-अर्चना गरी हर्षोल्लासपूर्वक जति दिन समय व्यतीत गरे सोही अवधिलाई शारदीय नवरात्र (दशैं) भनिन्छ । विजयादशमी असत्यमाथि सत्यको विजय हुँदा मनाइएको चाड हो ।

देवराज इन्द्र हुन् वा दाशरथी राम हुन् अथवा वासुदेव कृष्ण नै किन नहुन् सबैले आ-आफ्ना सामु चुनौति खडा हुँदा भगवतीको शरण परेका थिए । वृत्रासुरबाट इन्द्रको मुक्तिकालागि इन्द्राणीले भगवतीको आराधना गरेकी थिइन्, स्यमन्तकमणि खोज्न गएका कृष्ण लामो समय वेखबर भएपछि वसुदेव र देवकीले नवाह विधिले जगज्जननीको पूजा अर्चना गरेका थिए । यस प्रसङ्गबाट पनि शक्तिको महत्त्व र शक्ति प्राप्त गर्न देवी कृपा आवश्यक रहेको बुझिन्छ ।

दशैंको घटस्थापनादेखि विजयादशमीसम्म क्रमशः नवदुर्गा भगवतीको पूजा-अर्चना गरिन्छ ।

प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी ।
तृतीयं चन्द्रघण्टेति कूष्माण्डेति चतुर्थकम् । ।
पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च ।
सप्तमं कालरात्रीति महागौरीति चाष्टमम् ॥
नवमं सिद्धिदात्री च नवदुर्गाः प्रकीर्तिताः ॥ देवी कवच ३-५

अर्थात्, प्रथम दिन- शैलपुत्री, द्वितीय दिन- ब्रह्मचारिणी, तृतीय दिन- चन्द्रघण्टा, चतुर्थ दिन- कूष्माण्डा, पञ्चम

दिन- स्कन्दमाता, षष्ठम दिन- कात्यायनी, सप्तम दिन- कालरात्री, अष्टम दिन- महागौरी र नवम दिन- सिद्धिदात्रीको विशेष पूजा गरिन्छ । यसै क्रममा महाकाली, महालक्ष्मी र महासरस्वतीको आवाहन र पूजासमेत हुन्छ ।

घडाको स्थापना गरी त्यसमाथि दुर्गा यन्त्र लेखिएको

थाली राखी भगवती देवीको पूजा प्रारम्भ गरिने दिन हुनाले यो दिनलाई घटस्थापना भनिन्छ । घटस्थापनाका दिनदेखि नवरात्र प्रारम्भ हुन्छ । यो दिन नवरात्र महोत्सवको पहिलो दिन भएकाले नदीस्नान, तीर्थस्नान गर्न जानेहरूको ठूलै घुइँचो देख्न सकिन्छ । काठमाण्डौ उपत्यकामा नौ दिन नौ ओटै स्थानीय तीर्थमा नुहाउन जाने र अलग-अलग देवी मन्दिरमा जाने परम्परा पनि देखिन्छ । यो दिन शुद्ध बालुवा अथवा पवित्र माटोमा जौ, गहुँ छर्नु पर्दछ जसलाई आउने दिनहरूमा पनि जल अर्पण गरी पूजा गरिन्छ । ईशानतर्फ भूइँमा अष्टदल लेखी त्यसमाथि धान, धानमा तामा वा माटाको कलश राखी, कलशमा गोबर टाँसेर राम्रो जौ रोप्ने र दियो, कलश, गणेशको पूजा पश्चात् दुर्गा यन्त्र राखिएको कलशको र थालीमा भगवती सिद्धिदात्रीको पूजा गर्नुपर्दछ ।

कलशमा पूजा गर्दा निम्न मन्त्र पढ्नु पर्दछ-

अश्वस्थानात् गजस्थानात् वल्मीकात् सङ्गमात् ह्रदात् ।
राजद्वाराच्च गोष्ठाच्च मृदमानीय निःक्षिपेत् । (कर्मकाण्ड प्रदीपः)

कलशको मुखमा घोडाका टापको, हात्तीका पाइलाको, धमिराका गोलाको, चौबाटोको, तलाउको, राजप्रासादका द्वारको, गाई गोठको माटो अर्पण गर्नुपर्दछ । यसै गरी कलशमा सर्वौषधि- मुरा, जटामसी, बोझो, कुट, पत्थर, कुङ्कुम, चुत्रो, हलेदो, कच्चूर, सर्स्यूँ, मोथे अर्पण गरी दुर्गा यन्त्रको पूजा गर्नुपर्दछ । (वार्षिक रत्नावली)

प्रत्येक दिन पूजनादि सकी यथासम्भव दुर्गा सप्तशती पाठ गर्ने । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे मन्त्रको जप गर्ने र देवीको आरती, पूष्पाञ्जली गरी हविष्यान्न भोजन गर्ने । यस क्रम पूजा गर्दै छैठौं दिन सायँकालमा बिल्व निमन्त्रण गर्नुपर्दछ । सातौं दिनमा नवपत्रिका प्रवेश अर्थात् फूलपाती भित्र्याउने ।

कदली दाडिमी धान्या हरिद्रा मानकं कचुः ।
बिल्वाशोकौ जयन्ती च विज्ञेयाः नवपत्रिका ॥

(निर्णय सिन्धु नवरात्रको प्रसंग)

केराको बोट, दाडिम, धानको बोट, बेसारको बोट, मानेको पात, कचुको बोट, बिल्वफल (बेलपत्र), अशोकको पात, जयन्ती फूल यी नवपत्रिकाहरूको क्रमशः प्रार्थना गरी धूप-बत्ती, शङ्ख-घण्ट गर्दै भगवतीको पूजास्थलमा भित्र्याउने । यसै क्रमलाई जनजिब्रोमा फूलपाती भित्र्याउने भनिन्छ । उपत्यकामा भने टुँडिखेलमा फूलपातीको बढाई समारोह नै मनाइन्छ जसमा राष्ट्रप्रमुखको उपस्थिति रहन्छ । सप्तमी, अष्टमी र नवमी महातिथिका रूपमा मानिन्छन् । महाष्टमी र महानवमीको रात कालरात्रिका रूपमा पूजिन्छ । दक्षयज्ञ विध्वंस गर्न करोडौं सैन्य सहित भद्रकाली प्रकट भएको दिनलाई महाष्टमीका रूपमा पूजिन्छ-

पुराष्टम्यां भद्रकाली दक्षयज्ञविनाशिनी ।
प्रादुर्भूता महाघोरा योगिनी कोटिभिः सह ॥ (देवीभा.तृ.२७/९)

अष्टमी र नवमीमा भगवती दुर्गाको विशेष पूजा-अर्चना गरिन्छ । यो दिन नौ थरी फूल, नौ थरी नैवेद्य, सौभाग्य सामान, कूष्माण्ड बली, नरिबल बली, कृशरान्न बली, हवन गरिन्छ । त्यस्तै नवकन्या पूजन, खड्ग तथा

वाहनादि पूजन आदि कर्महरू हुन्छन् । भगवती देवी पदार्पण हुँदा र फर्कदा बार र वाहन अनुसारको फल शास्त्रहरूमा उल्लेखित छ ।

शशी सूर्य गजारूढा शनि भौम तुरङ्गमः ।
गुरौ शुक्रे च दोलायां बुधे नौका प्रकीर्तिताः ॥
गजे च जलदा देवी छत्रभङ्ग तुरङ्गमः ।
नौकायां सर्वसिद्धि स्यात् दोलायां मरणं ध्रुवम् ॥

(ऋषिकेश पञ्चाङ्ग)

दशैंमा दशमी तिथिको विशेष भूमिका हुन्छ । दशमीका दिन अन्य पूजा यथावत् गरी अपराजिता भगवतीको विशेष पूजा, पूर्णपात्र दान, दक्षिणा, महाभिषेक स्नान, विसर्जन आदि सम्पन्न गरी गुरू, ब्राह्मण, मान्यजनहरूबाट देवीमा अर्पित टीका-प्रसाद, जमरा ग्रहण गर्नुपर्दछ । टीका लगाउँदा छोरा मानिसलाई निम्न मन्त्रद्वारा आशीर्वाद दिइन्छ–

आयुर्द्रोणसुते श्रियो दशरथे शत्रू क्षयं राघवे
ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने ।
दानं सूर्यसुते बलं हलधरे सत्यञ्च कुन्तीसुते
विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे ॥

(सुभाषित रत्नभाण्डागारम्)

त्यस्तै, छोरी मानिसलाई आशिष दिने मन्त्र–

जयन्ती मङ्गलाकाली भद्रकाली कपालिनी ।
दुर्गाक्षमा शिवाधात्री स्वाहा स्वधा नमोऽस्तुते ॥"

(दुर्गा सप्तशती, अर्गलास्तोस्त्रम्)

सबैलाई आशिर्वाद दिने मन्त्र भने,

लक्ष्मीस्ते पङ्कजाक्षी निवसतु भवने भारती कण्ठदेशे
वर्धन्तां बन्धुवर्गाः सकलरिपुगणा यान्तु पाताल मूलम् ।
देशे देशे सुकीर्तिः प्रसरतु भवतां कुन्द पुष्पेन्दु शुभ्रा
जीवत्वं पुत्र पौत्रै स्वजन परिवृतो हायनानां शतञ्च ॥

(सुभाषित रत्नभाण्डागारम्)

पारिवारिक एकता, भेट-घाट तथा आफन्त पुनर्मिलनका लागि विभिन्न सदस्यहरू विजयादशमीमा भरसक एक ठाउँमा भेला हुन्छन् । यस चाडको खुसियालीमा श्रीदुर्गा भवानीको प्रसाद ग्रहण गरी मिठा-मिठा परिकार खाने, मनोरञ्जनात्मक क्रियाकलाप गर्ने, पिङ खेल्ने, चङ्गा उडाउने पनि गरिन्छ । दशमीका दिनदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म मान्यजनकोमा जाने टीका प्रसाद ग्रहण गर्ने गरिन्छ । पूर्णिमासम्मका यी पाँच दिन उत्सवकै रूपमा मनाइन्छ ।❖

–भक्तपुर

शुभकामना

नेपालीहरूको महान पर्व बडा दसैं, शुभ दीपावली, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वको सुखद् अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ब्रह्मपुरी सत्सङ्ग समिति
झौखेल, भक्तपुर

शुभकामना

नेपालीहरूको महान पर्व बडा दसैं, शुभ दीपावली, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वको सुखद् अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

लामिछाने बन्धु समाज
जिल्ला कार्य समिति, काठमाडौं

कोजाग्रत पूर्णिमा

– पं. दामोदर पौडेल

आश्विन शुक्ल पूर्णिमालाई कोजाग्रत पूर्णिमा अर्थात् कोजागर लक्ष्मी व्रत भनिन्छ ।

अश्विने शुक्लपक्षे तु भवेद्या चैव पूर्णिमा ।
तत्रादौ पूजनं कर्याच्छ्रियो जागृति पूर्वकम् ॥
नारिकेलोदकं पीत्वा अक्षक्रीडां समाचरेत् ।
निशीथे वरदा लक्ष्मीः को जागर्तीति भाषिणी ॥
जगत् प्रभ्रमति तस्यां लोकचेष्टावलोकिनी ।
तस्मै वित्तं प्रयच्छामि यो जागर्ति महीतले ॥ -वार्षिकी

कोजाग्रत पूर्णिमाको दिन व्रत बसी लक्ष्मीको र ऐरावत हात्तीमा चढेका इन्द्रको पूजा गरी लक्ष्मीलाई काँचो नरिवलको पानी चढाएर पूजा समाप्त भएपछि नरिवलको जल (पानी) खाएर जुवा खेली रात्रीमा जागृत बसेमा लक्ष्मीले धनधान्य प्रदान गर्नुहुन्छ ।

त्यसदिन रातमा को जागृत बसेको छ ? म त्यसलाई धन दिन्छु भन्दै लक्ष्मीजी विष्णु भगवान्लाई साथमा लिएर मनुष्यहरू के गरिरहेका छन् भनेर संसारमा घुम्नुहुन्छ । र, जागृत बसेकालाई विविध धन, ऐश्वर्य प्रदान गर्नुहुन्छ । लक्ष्मी नारायणको साथ हिँड्दा 'को जागृत, को जाग्रत' भनेर नारायणसँग सोधेको भएर यस आश्विन शुक्ल पूर्णिमाको नाम नै कोजाग्रत पूर्णिमा भएको हो । नेपाली कोजाग्रतको अर्थ 'को जागा छन्' भन्ने हुन्छ ।

यसैदिन द्वापरयुगमा भगवान् श्रीकृष्णले गोपिनीहरूसँग वृन्दावनको वंशीवटमा माहारास गर्नुभएको थियो । यो पूर्णिमा शरद ऋतुमा पर्ने भएकोले शरदपूर्णिमा पनि भनिन्छ ।

सनतकुमार संहिताको अनुसार वलित नाम गरेका एक ब्राह्मण थिए । गरिव भए पनि उनी स्वकर्मरत थिए । माग्नु र मर्नु एउटै हो भन्ठान्थे ।

कसैले घरमा केही ल्याइदिए खायो नत्र भोकै बस्ने नियम थियो । उनी ब्रह्मकर्म गर्दथे । तर यिनकी पत्नी (ब्राह्मणी) कच्कचे र झगडालु स्वभावकी थिइन् । जसको नाम चण्डी थियो । सधैं श्रीमानसँग मेरा दिदीबहिनीहरू गहनाले सजिसजाउ भएर हिँड्छन्, म भने झुत्री र झाम्री भएर बस्नु भन्थिन् ।

श्रीमतीलाई धन चाहिएर एक दिन उनले राजाकोमा गएर धेरै धन चोरी गरेर नल्याएसम्म श्रीमानले भनेको सबै काम उल्टो गर्छु भनेर श्रीमानले अह्राएको काम उल्टो गर्न लागिन् । श्रीमतीले त्यति गर्दा पनि ब्राह्मणले आफ्नो धर्म छोडेनन् ।

यस्तैमा वलितको पिताजीको श्राद्ध तिथि आउन लाग्यो । अनि वलित ब्राह्मणलाई चिन्ता पऱ्यो । श्राद्धको सामग्री त घरमा छ, तर श्रीमती उल्टो गर्छे कसरी श्राद्ध गर्ने होला ? चिन्ताले दुःखित भएर बसेको बेला उनका मित्र गणपति आए । वालितलाई चिन्तित देखेर हे मित्र ! हजुरलाई केको चिन्ता पऱ्यो भनेर सोधे । वलितले भने 'मेरा पिताको श्राद्धको तिथि नजिक आयो घरमा सामग्री छ तर पत्नी सबै काम उल्टो गर्छे, कसरी श्राद्ध गर्ने भन्ने चिन्ताले व्याकुल छु ।' मित्रले भने 'तपाई भाग्यमानी हुनुहुँदो रहेछ । किनभने कम्तिमा हजुरको श्रीमतीले उल्टो गर्छिन् तर मेरी श्रीमतीले त्यो पनि मान्दिनन् ।' उनले भने 'सबैकुरा उल्टो अह्राउनु काम सिद्ध भइहाल्छ । वलितले पनि ठीक मित्रले भने जसरी नै काम अह्राउने निश्चय गरे ।

श्राद्धको दुई दिन अगावै वलितले 'हे चण्डी पर्सि पिताजीको श्राद्ध छ, ब्राह्मणहरू नबोलाउनु, बोलाए पनि असल ब्राह्मण नबोलाउनु, नमीठो रूखोसुखो भोजन गराउनु' आदि इत्यादि सबै कुरा उल्टो अह्राए । अनि चण्डीले श्राद्धको दिन विहानै उठेर घर लिपपोत गरी चोखो नितो गरेर असल ब्राह्मण बोलाई मिठा मिठा परिकार बनाएर सारा श्राद्धको सामान तयार पारिन् ।

ठीक समयमै श्राद्ध गर्दै गए । सबै काम उल्टो अह्राएकोले सिद्ध भैहाल्यो । यसरी श्राद्ध समाप्त भयो । पिण्ड सेलाउने बेलामा पुरोहितले यो पिण्ड गङ्गामा सेलाउने भने, अनि चण्डीले पुरोहितको वचन सुनेर पिण्ड उठाएर चर्पीमा लगेर फ्यालिन् ।

यो कुरा वलितलाई थाहा भयो, अनि वलित दुःखी भएर अव लक्ष्मी प्रशन्न नभएसम्म घर फर्किन्न भन्ने प्रतिज्ञा गरेर जङ्गल पसे । जङ्गलमा बोटविरूवाको बोक्रा लगाएर ज्यादै दुःख कष्ट गरी बसे । एक महिनापछि आश्विन शुक्ल पूर्णिमा आयो, जङ्गलमा तीन जना नागकन्याहरूले कोजागर लक्ष्मीको व्रत बसी पूजा लगाए । अब जुवा खेल्ने भन्ने विचार गर्दा एक जना पुगेन । जुवा खेल्न चार जना चाहिन्छ । एक जना पुगेनन् कसैलाई खोजी गरौं भनेर खोज्दै हिड्दा तिनै वलित ब्राह्मणलाई भेटेर 'हिड्नुहोस् ब्राह्मणदेव आज जुवा खेलौं' भने । उनले 'कहिँ ब्राह्मणले जुवा खेल्नुहुन्छ ? म त खेल्दिन' भन्दा नागकन्याले जुवा खेल्न हुँदैन तर

भाषसे त्वं पण्डितवत् कर्म तेऽस्ति तु मूर्खवत् ।
इषस्य शुक्लपूर्णायां द्यूताल्लक्ष्मीः प्रसीदति ॥

हे ब्राह्मणदेव ! तपाई पण्डितको जस्तो कुरा गर्नुहुन्छ तर काम मूर्ख जस्तो गर्नुहुन्छ । आज आश्विन शुक्ल पूर्णिमा हो । आज जुवा खेल्दा लक्ष्मी प्रसन्न भएर धन दौलत, ऐश्वर्य प्रदान गर्नुहुन्छ । ब्राह्मण भएर यति पनि थाहा छैन ? यो शास्त्रको वचन हो । लौ छिटो हिड्नुस् भने । शास्त्रीय वचन हो भने खेलौं न त भनेर नागकन्यासँग ब्राह्मण हिंडे ।

नागकन्याको घर जुवा खेल्न शुरू गरे । कन्याहरूले उनलाई पूजाको प्रसाद नरिवलको पानी दिए । ब्राह्मणले प्रसाद खाएपछि जुवा खेल्न शुरू गरे । खेल्न त बसे तर ब्राह्मणसँग बाजी थाप्ने द्रव्य केही पनि थिएन । के बाजी थाप्ने ? नाग कन्याले मणि र रत्नहरू बाजी थापे । वलितको पालो आफ्नो लगौटी थापे । नाग कल्याले त्यो पनि जिते । अब के थाप्ने भन्दा ब्राह्मणले आफूले लगाएको जनै थापे । त्यो पनि जिते । यसरी खेल्दाखेल्दै मध्यरात भयो । अब के थाप्ने भनेर नागकन्याले सोध्दा ब्राह्मणले मसँग केही छैन मेरो शरीर नै थाप्छु भन्ने सोचेर घोसे मुन्टो लगाएर बसेका थिए ।

मध्यरात भयो । त्यहिबेलामा लक्ष्मी नारायण आउनुभयो । विष्णुले लक्ष्मीसँग भन्नुभयो- हे लक्ष्मी हेर त तिम्रो व्रत बस्ने भक्तको दुर्दशा यिनलाई सुखी बनाउने तिम्रो कर्तव्य होइन र ? विष्णुको यस्तो वचन सुन्नासाथ लक्ष्मीको दृष्टि पर्ने बित्तिकै ब्राह्मणमा तेज कान्ति भएर धपाधप बल्लाजस्तो भएर कामदेव जस्तै अत्यन्तै सुन्दर दिव्य देखिन लागे । नागकन्याको मन हरण गर्न लागे । नागकन्या मोहित भएर ब्राह्मणसँग प्रस्ताव राखे- 'हे ब्राह्मणदेव ! जुवा खेलेर यदि हजुरले जित्नु भयो भने हामी हजुरले जे भन्नुहुन्छ त्यी गरौंला । हामीले जित्यौं भने हजुरले हामीसँग विवाह गर्नुपर्छ ।' ब्राह्मणले नागकन्याको प्रस्ताव स्वीकार गरी जुवा खेलेर ब्राह्मणले जिते । नागकन्यासँग विवाहको प्रस्ताव राखे र विवाह गरेर मणिमाणिक्य रत्नादि सहित नागकन्यालाई आफ्नो घर लिएर गए ।

घरमा पुगिसकेपछि ती ब्राह्मणले विचार गरे चण्डीले तिरस्कार गर्नाले मैले यत्रो सम्पत्ति प्राप्त गरें । मैले चण्डीसँग द्वेषभाव नराखी चण्डीको सम्मान गर्नुपर्दछ । उनले चण्डीको पनि सम्मान गरे । सम्पत्ति र सम्मान पाएर चण्डी पनि प्रसन्न भइन् । त्यस दिनदेखि पुनः स्वामीको अज्ञा पालन गर्न थालिन् । यस व्रतमा उपवास बसेर सबैतिर दिपावली गर्नुपर्दछ । र यथाशक्ति अन्न, वस्त्र दान गर्नुपर्दछ । यसरी यो व्रतको महिमाको बारेमा नैमिषारण्यको क्षेत्रमा ८८ हजार ऋषिले वालखिल्यलाई बताउनु भएको थियो । त्यसैले सम्पूर्ण हिन्दुहरूले सम्भव भएसम्म कोजाग्रतको व्रत बस्नुपर्दछ । व्रत गर्नाले लक्ष्मी प्रसन्न भएर दरिद्रता र दुर्भाग्यलाई हरण गर्दछिन् ।❖

–मध्यबानेश्वर, काठमाडौं

२०८२ सालको विजया दशमी शुभ दीपावली, नेपाल सम्वत् ११४६ तथा छठ पर्वको सुखद् अवसरमा समस्त ग्राहकवर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम
नेपाल टेलिकम परिवार

निर्लिप्त संसारी

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

श्रीयुत महिमाचरण आदि भक्तगणहरू बसेर श्रीरामकृष्णका मधुर वचनामृत पान गरिरहेछन् ।

कुरा के हुन्, अनेक वर्णका, प्रकारका, रत्न नै हुन् । जसले जति सक्छ, ऊ उति नै सङ्ग्रह गरिरहेछ ।

ओढ्नी भरिसकिएको छ, यति गह्रौं भारी भइसक्यो कि उठाउन सकिन्न । साना–साना आधारहरूमा अरू बढी धारणा हुँदैन । सृष्टिदेखि लिएर आजसम्म मानिसहरूको हृदयमा जति समस्याहरूको उद्भव भएको छ, सबैको पूर्ति भइरहको छ । पद्मलोचन, नारायण शास्त्री, गौरी पण्डित, दयानन्द सरस्वती आदि शास्त्रवेत्ता पण्डितहरूलाई आश्चर्य भइरहेको छ । दयानन्दजीले जब श्रीरामकृष्ण र उहाँको समाधि अवस्थालाई देखेका थिए, तब उनले त्यसलाई लक्ष्य गर्दै भनेका थिए, "हामीले यतिका वेद–वेदान्त पढ्यौं, परन्तु त्यसको फल यी महापुरूषमा नै देखिन आयो । यिनलाई देखेर प्रमाण मिल्यो कि सब पण्डितगण शास्त्रहरूको मन्थन गरेर खालि मोही मात्र पिउँछन्, मखन त यस्तै नै महापुरूषले खाने गर्छन् ।" यता अङ्ग्रेजीको प्रभाव परेका उपासक केशवचन्द्र सेन जस्ता पण्डितहरूलाई पनि आश्चर्य भएको छ ।

उनीहरू सोच्छन्, कस्तो आश्चर्यको कुरा हो, एक निरक्षर मनुष्य, यी सब कुराहरू कसरी भनिरहेछ ? यो त बिलकुल मानौं इसामसिहका कुरा हुन्, उस्तै ग्रामीण भाषा, उस्तै प्रकारले कथाहरूमा बुझाउनु, जसबाट पुरूष, केटाकेटी सबै सजिलैसँग बुझ्न सकून् ।' इसा 'पिता, पिता' भनेर पागल भएका थिए, यिनी 'आमा, आमा' भनेर पागल भएका छन् । केवल ज्ञानको भण्डार मात्रै होइन, ईश्वरप्रेमको अविरल वर्षा भइरहेछ तैपनि त्यसको समाप्ति हुँदैन । यिनी पनि इसा जस्तै त्यागी छन्, उनैको जस्तो अटल विश्वास यिनमा पाइरहिएको छ, यसैले त यिनको कुरामा यति बल छ । संसारी मानिसहरूले भन्दा यति बल आउन सक्दैन किनकि उनीहरू त्यागी छैनन्, उनमा त्यो प्रगाढ विश्वास कहाँ ? केशव सेन जस्ता पण्डित पनि यो सोच्छन् कि यस निरक्षर मानिसमा यस्तो उदारभाव कसरी आयो ? कस्तो आश्चर्यको कुरा हो, यिनमा कुनै किसिमको द्वेषभाव छैन । यी सबै धर्मका मानिसहरूको आदर गर्छन्, यसैकारण वैमनस्य हुँदैन ।

आज महिमाचरणसँग श्रीरामकृष्णको कुराकानी सुनेर कुनै–कुनै सोच्छन्, "श्रीरामकृष्णले त संसार त्याग भन्नुहुन्न, बरू भन्नुहुन्छ, "संसार एउटा किल्ला हो, किल्लामा रहेर काम, क्रोध आदिसँग लडाइँ गर्नमा सुविधा हुन्छ,' अनि फेरि यहाँले भन्नुभयो, 'जेलबाट निस्किएपछि कलर्कले फेरि काम गर्छ ।' यसबाट एक तरहले यही कुरा भनियो कि जीवनमुक्त संसारमा पनि रहन सक्छ । तर एउटा कुरा हो, श्रीरामकृष्ण भन्नुहुन्छ, कहिलेकाहीं एकान्तमा रहने गर्नुपर्छ । बिरूवालाई घेरा लगाउनुपर्छ ।

जब बढेर बिरूवा ठूलो हुन्छ, तब त्यसलाई बार्ने जरूरत पर्दैन, त्यसमा हात्ती बाँधिदिए पनि त्यसको केही बिगार गर्न सक्दैन । निर्जनमा रहेर भक्तिलाभ वा ज्ञानलाभ गरेपछि संसारमा रहँदा पनि कुनै डर हुन जान्न ।"

भक्तगण यसै प्रकारका चिन्ताहरू गरिरहेका छन् । केशवको बारेमा कुराकानी गरेपछि श्रीरामकृष्ण अरू पनि एक–दुई संसारी भक्तहरूको कुरा गर्नुहुँदैछ ।

श्रीरामकृष्ण (महिमाचरणसँग) फेरि सेजोबाबु अर्थात् मथुरानाथ विश्वाससँग देवेन्द्रबाबुलाई भेट्न गएँ । सेजोबाबुलाई भनें, "सुन्दछु देवेन्द्र टैगोर (रवीन्द्रनाथ टैगोरको पिता) ईश्वर–चिन्तन गर्छन् रे, उनलाई भेट्ने मलाई इच्छा छ ।" सेजोबाबुले भने, "हुन्छ बाबा, म तपाईंलाई लैजाउँला, हामी दुवै हिन्दू कलेजमा सँगसँगै पढ्थ्यौं, मसँग ठूलो घनिष्ठता छ ।"

सेजोबाबुसँग देवेन्द्रबाबुको धेरै दिनपछि भेट भयो । देवेन्द्रले सेजोबाबुलाई भने, "तिम्रो शरीर केही फेरिएछ, तिम्रो भुँडी केही बढेछ ।" सेजोबाबुले मेरो बारेमा कुरा गरे । उनले भने, "यी तपाईंलाई भेट्न आएका छन्, यी ईश्वरका लागि पागल भइरहेका छन् ।" लक्षण हेर्नका लागि मैले देवेन्द्रलाई भनैं, "हेरौं त तपाईंको शरीर ।" देवेन्द्रले देहबाट कुर्ता उतारे, मैले देखैं, गोरो रङ्को शरीरमा सिन्दूर लागेको जस्तो । तिनताका देवेन्द्रको कपाल फुलेको थिएन । पहिले-पहिले मैले तिनमा केही अभिमान देखेको थिएँ । हुन पनि हुने नै भयो, त्यत्रो ऐश्वर्य छ, विद्या छ, मान छ । अभिमान देखेर मैले सेजोबाबुसँग सोधैं, "होइन अभिमान ज्ञान भएर हुन्छ वा अज्ञानबाट ? जसलाई ब्रह्मज्ञान भएको हुन्छ, उसलाई के म पण्डित हूँ, म ज्ञानी हूँ, म धनी हूँ, यस किसिमको अभिमान हुन सक्छ ?"

देवेन्द्रसँग कुराकानी गर्दागर्दै एकाएक मेरो त्यही अवस्था भयो । त्यो अवस्था हुँदाखेरि को मानिस कस्तो छ, म सबै देख्छु । मलाई भित्रैदेखि हाँसो उठेर आयो । जब यो अवस्था आउँछ, सबै पण्डित मलाई परालका त्यान्द्रा जस्ता लाग्छन् । " क्रमशः

अनुवादकः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

शुभकामना

नेपालीहरूको महान पर्व बडा दसैं, शुभ दीपावली, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वको सुखद् अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ज्यो. पं. नारायणप्रसाद तिमल्सिना
पशुपति, काठमाडौं
सम्पर्क: ९८४१२६३६५९

ज्योतिष एवम् वास्तुसम्वन्धी कुनै पनि परामर्श गर्नुपरेमा सम्झनुहोला !

नेपालीहरुको महान पर्व बडा दशै तथा दीपावलीको पावन अवसरमा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

नाङ्गेचा प्याख

श्रीकृष्ण डंगोल

नाङ्गेचा प्याख एक प्रकारको नृत्य हो जसको शाब्दिक अर्थ 'नाङ्गो शरीर लिएर प्रदर्शन गरिने नाच' भन्ने हुन्छ । नेपाल भाषामा यो नृत्यलाई नाङ्गेचा प्याख र नेपालीमा 'नागेनाथ नाच' पनि भनिन्छ । गुरू कृष्णकाजी शाक्यका अनुसार नाङ्गेचा ३ अक्षरबाट बनेको शब्द हो, जुन 'खि' बाजाको बोलबाट निस्किएको हो । 'खि'को दायाँ भागबाट 'नाङ र चा' अनि खिको बायाँ भागबाट 'गे' बोल निस्कन्छ । आधा शरीर नाङ्गो बनाई शिव नित्य गर्ने भएको हुनाले यस नाचको नाम नेवारी समुदायमा नाङ्गेचा रहन गएको हो भन्ने मान्यता छ ।

नाङ्गेचा नाच नाङ्गेचा प्याखको मुद्रा देखाई नाचिने एक ऐतिहासिक र प्राचीन नाच हो । मुद्रा एक शक्तिशाली यन्त्र हो । भगवान् शिवको शिरमा त्रिकुट रहेझैं बसलेश्वरी जात्रा पाँहा चह्रेमा बत्सलेश्वरी (बच्छलाश्वरी) देवीको जात्रा पनि तीन दिन रहने र यस नाङ्गेचा प्याख पनि तीन दिन सञ्चालन गर्नुपर्ने र यस नाचको नाम पनि तीन अक्षरबाट बनेको छ । यो एक अनौठो संयोग छ । यो नृत्य शिव र शक्तिको मिलनको कथा हो, जुन दुई महत्त्वपूर्ण चरणमा विभाजित छ ।

पहिलो चरणः अहंकारको पतन र शक्तिको खोजी

यस चरणमा, शिव र पार्वती (शक्ति) सँगै हुन्छन् तर उनीहरूको एलाइनमेन्ट (फर्किएको दिशा) एकै दिशामा रहेको भए पनि आकर्षण देखिँदैन । शिवले आफूमा अहंकारको भाव देखाउँछन् । उनी जुँगा मुसारेर आफ्नो श्रेष्ठता महसुस गरेको जस्तो देखिन्छन् ।

यसै अहंकारलाई भत्काउन पार्वतीले मायाको जाल रच्छिन् र आफू लुप्त हुन्छिन् । शिवले उनलाई देख्न सक्दैनन् र व्याकुल भएर उनको खोजीमा निस्कन्छन् ।

शिवले वाद्यवादन बजाउने व्यक्ति (जसलाई गुरूको रूपमा पनि हेर्न सकिन्छ) सँग शक्ति कहाँ छ भनी सोध्छन् । शक्तिलाई भेट्न उनले आफ्नो स्वामित्वमा भएका सबै गहना र सर्वस्व दिन तयार हुन्छन् । तर, वाद्यवादन बजाउने व्यक्तिले उनी स्वयंले नै खोज्नुपर्ने कुरा बताउँछन् र शिवलाई उनको अहंकारको कारण मुखमा "झापड" खुवाउँछन् ।

त्यसपछि शिव भौंतारिँदै हिँड्छन् र दिग्भ्रममा पर्छन् । उनले बाटोमा भेटिएका हरेक स्त्रीलाई आफ्नो शक्ति सम्झेर उनीहरूसँग आफूसँग बस्न र सर्वस्व ग्रहण गर्न बिन्ती गर्छन् । तर, ती सबै स्त्रीहरूले उनलाई अस्वीकार गर्छन् ।

जब शिवले शक्तिलाई भेट्न सक्दैनन्, उनी निकै पीडित हुन्छन् । उनले पीडा र मनको जलनबाट आफ्नो नाकबाट सिगान निस्केको देख्छन् जुन उनले दर्शकमाथि फ्याँक्छन् । उनले आफ्नो शिरमा पसिना देख्छन्, जुन उनले दर्शकमाथि फ्याँक्छन् । उनको आँखाबाट आँसुका धाराहरू बग्छन्, त्यो पनि उनले दर्शकमाथि फ्याँक्छन् । उनी छाती पिटेर आफ्नो पीडा व्यक्त गर्छन् र खोजीको क्रममा बगेको पसिना पनि दर्शकमाथि फ्याँक्छन्, जसले उनको चरम पीडालाई दर्शाउँछ ।

त्यसपछि उनी चिराग (दियो) बोकेको व्यक्तिलाई

भेट्छन् र शक्ति खोजिदिन आग्रह गर्छन् । चिराग बोक्ने व्यक्तिले पनि शिवलाई झुटा आश्वासन दिन्छ, जसले गर्दा शिव निराश हुन्छन् र उसलाई पनि धकेलेर अलग गर्छन् ।

दोस्रो चरणः शक्तिको प्राप्ति र मिलन

शक्तिहीन र कमजोर अवस्थामा पुगेका शिवले अन्ततः अँध्यारोमा पार्वती (शक्ति) लाई ठिङ्ग उभिएको देख्छन् । उनी आफ्नो शक्ति हो वा होइन भनी निश्चित गर्न उनलाई स्पर्श गर्छन् । जसै शिवले पार्वतीलाई स्पर्श गर्छन्, उनको शरीरमा शक्तिको सञ्चार हुन्छ र उनी फेरि शक्तिशाली बन्दछन् ।

शक्ति पाएपछि शिवले आफू दिग्भ्रममा परेर जसजसलाई शक्ति ठानेका थिए, उनीहरूसँग क्षमा माग्दछन् र आफ्नो वास्तविक शक्ति उनीहरूको अगाडि उभिएको औंलाले देखाउँछन् ।

जवसम्म शिवले स्पर्श गर्दैनन् पार्वती स्थिर र अचल अवस्थामा हुन्छिन् । तर, स्पर्श गरेपछि उनी पनि गतिशील हुन्छिन् र शिवसँगै नृत्य गर्न थाल्छिन् । यसरी, शिवको स्पर्शविना शक्ति अपूर्ण हुन्छिन् र यी दुईको मिलन पछि नै पूर्णता प्राप्त हुन्छ ।

काठमाडौंको चाबहिलमा रहेको चारुमती बिहार र पनौतीको नमोबुद्ध क्षेत्रबीचको सम्बन्ध प्राचीन सूत्रमा बाँधिएको छ । यो सम्बन्ध खासगरी दुई प्रमुख आधारमा टिकेको छः

इतिहासअनुसार, मौर्य सम्राट अशोककी छोरी चारुमतीको विवाह नेपालका राजकुमार देवपालसँग भएको थियो । उनीहरूले नेपालमा बौद्ध धर्मको प्रचार-प्रसार गरे र काठमाडौंको देवपतन (देवपाटन) मा चारुमती विहारको स्थापना गरे । यो बिहार प्राचीनकालदेखि नै बौद्ध धर्मको महत्त्वपूर्ण केन्द्रको रूपमा रहेको छ ।

नाङ्गेचा प्याखा र दाफा गीत

चारुमती विहारका शाक्यगुठियारहरूले सञ्चालन गर्ने नाङ्गेचा प्याखँ (नाच) मा गाइने दाफा गीतमा 'पञ्चाल देश' को गुणगान गाइएको छ । यो गीतमा 'दुर्मराजा आए करी दुःख पुकारण, हादे पञ्चाल देश मुजाए' जस्ता शब्दहरू प्रयोग भएका छन् । यसले यो नाचको इतिहास र पञ्चाल देशबीचको सम्बन्धलाई गहिरो बनाउँछ ।

'पञ्चाल देश' र 'नाच' मा लुकेको रहस्य

प्राचीन बौद्धस्थल नमोबुद्ध क्षेत्र गौतम बुद्धभन्दा धेरै अगाडिको बोधिसत्व महासत्वको त्यागस्थल हो । यस स्थानलाई प्राचीनकालदेखि नै बौद्धमार्गीहरूले 'पञ्चाल देश' भनेर चिनाउँदै आएका छन् । नाङ्गेचा प्याखँ सञ्चालन गर्ने शाक्यगुठियारहरू (बौद्धमार्गी समुदाय)ले प्राचीन भूमि 'पञ्चाल देश' को गुणगान गाउनु स्वाभाविक हो । यो नाचले काठमाडौंका बौद्धमार्गी र पनौतीका प्राचीन बौद्ध समुदायहरूबीचको गहिरो सम्बन्धलाई दर्शाउँछ ।

गीतका शब्दहरूले 'दुर्मराजा' नामक शासकको आगमनबाट आएको दुःखको संकेत गर्छन्, र त्यसको समाधान 'पञ्चाल देश' मा रहेको भन्ने भाव व्यक्त गर्छन् । यो कुनै ऐतिहासिक घटनासँग सम्बन्धित हुन सक्छ, जसलाई दाफा गीतको माध्यमबाट जीवन्त राखिएको छ ।

यस नृत्यले नेपालको प्राचीन बौद्ध इतिहासलाई बुझ्ने एउटा नयाँ दृष्टिकोण प्रदान गरेको छ । यसले नमोबुद्ध (पञ्चाल देश), चारुमती बिहार, नाङ्गेचा प्याखँ र पनौतीलाई एकै सूत्रमा जोड्छ । यो लिखित इतिहासमा पूर्णरूपमा प्रमाणित नभए पनि, यसले मौखिक परम्परा, सांस्कृतिक अभ्यास र लोककथामा लुकेका महत्त्वपूर्ण तथ्यहरूलाई उजागर गर्छ ।

यस विषयमा थप अनुसन्धान गर्न दाफा गीतहरूको

विस्तृत विश्लेषण, पनौती र बनेपा वरपरका प्राचीन संरचनाहरूको पुरातात्त्विक अध्ययन र चारुमती विहारसँग सम्बन्धित प्राचीन अभिलेखहरूको अध्ययन गर्नु उपयोगी हुन सक्छ ।

देवपत्तनको सांस्कृतिक धरोहरमध्ये ञंलागा नृत्य एक महत्त्वपूर्ण हिस्सा हो । यो विशेष नाच प्रत्येक वर्ष भाद्र कृष्णपक्ष प्रतिपदा (ञंलागा पारू) देखि भाद्र कृष्णपक्ष तृतीया (ञंलागा तृतीया) सम्म तीन दिन भव्य रूपमा प्रदर्शन गरिन्छ । यसको प्रारम्भ जय वागेश्वरी मन्दिरमा आरती सम्पन्न भएपछि हुन्छ । तीनै दिन जय वागेश्वरी मन्दिरका पुजारी पालवालाले नासःचोकमा नासःपूजा गरेपछि मात्र यो नृत्य आरम्भ गरिन्छ ।

पहिलो दिनको यात्रा

पहिलो दिनको नाच अमालकोट कचहरी अगाडिको नासःचोकबाट सुरू हुन्छ । त्यसपछि नृत्य टोली जय वागेश्वरी मन्दिर प्राङ्गण, पशुपति नवग्रह अगाडि, भुवनेश्वरी डबली हुँदै हरिसिद्धि (नवदुर्गा नचाउने डबली) मा पुग्छ । यसरी विभिन्न स्थानमा नृत्य प्रस्तुत गर्दै अन्तमा नासःचोकमा द्यःल्या गरी पहिलो दिनको कार्यक्रम सम्पन्न हुन्छ ।

दोस्रो दिनको यात्रा

दोस्रो दिनको नाच पुनः जय बागेश्वरी चोकको नासःचोकमा द्यःल्या बाट सुरू हुन्छ । यस दिन नृत्य पशुपति मन्दिरका मूलभट्ट बाजे र अन्य चार भट्ट बाजेको निवासस्थानमा प्रदर्शन गरिन्छ । नृत्यको यो यात्रा विश्वरूप मन्दिर अगाडि लामो द्यःल्या पछि गुहेश्वरी मन्दिर प्राङ्गणमा पुगेर समाप्त हुन्छ ।

तेस्रो दिनको यात्रा र समापन

तेस्रो तथा अन्तिम दिनको कार्यक्रम पनि नासःचोकमा द्यःल्या बाटै प्रारम्भ हुन्छ । त्यसपछि मित्रपार्क चोकमा पूर्व फर्केर द्यःल्या गरिसकेपछि टोली चाबहिल स्थित चन्द्रविनायक गणेश मन्दिरको प्राङ्गणमा पुगी नृत्य देखाउँछ । चारुमती बिहार अगाडिको डबलीमा पूरा नृत्य गरेपछि शिव पार्वतीको नृत्य नासःचोकमा प्रस्तुत गरिन्छ । अन्तिम द्यःल्या पछि यस वर्षको नृत्य कार्यक्रमको भव्य समापन हुन्छ ।

यो नृत्य परम्पराले देवपत्तनको धार्मिक र सांस्कृतिक पहिचानलाई शताब्दीयौँदेखि जीवन्त राख्न सफल भएको छ ।❖

–पशुपति, काठमाडौं

विजया दशमी, शुभ दीपावली, न्हु दँया भिन्तुना एवम् छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडावासीहरूलाई अनुरोध

❖ जन्म, विवाह, बसाइ–सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।

❖ आफ्नो वरपरको वातावरण सधैं सफा राखौं

काठमाडौ महानगरपालिका
वडा नं. -७
मित्रपार्क, काठमाडौं

विजया दशमी, शुभ दीपावली, न्हु दँया भिन्तुना एवम् छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडावासीहरूलाई अनुरोध-

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ–सराइ, सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।

❖ आफ्नो वरपरको वातावरण सधैं सफा राखौं

काठमाडौ महानगरपालिका
वडा नं. -६
बौद्ध, काठमाडौं



दुर्गापाञ्चायन मन्दिर

लवकुमार नेपाल

आसिद् विन्दुसरो नाम पूराकसौ पुष्करावती
मत्स्यावतार भुरेषा प्रियव्रततपःस्थलीः ।
प्रियव्रताञ्जलौ यत्र स राजर्षैस्तपस्विनः
लघुमत्स्यवपुः प्राप विष्णुर्मत्स्या्स्या्स्याारवताम् ॥
– (देवभूमि भारत एवम् अध्यात्म नेपाल, २, १२९–१३०, योगी नरहरिनाथः)

मत्स्य पुराणमा पुष्करावती भनिने तीर्थ स्वायंभुव मन्वन्तरका राजा प्रियव्रतको प्रख्यात तपस्थलीः विन्दु सरोवरको नामले चिनिन्छ । वर्तमान समयमा त्यही विन्दु सरोवरनै पोखरा नामबाट विश्वमै परिचित पर्यटकीय गन्तव्यमा प्रसिद्ध रहेको छ । यहाँ रहेको प्राचीन विशाल पोखरी विन्दु सरोवर कालान्तरमा भिमादको प्राकृतिक बाँध फुटेर हराउन पुग्यो र आजको अवस्थामा अवशेषको रूपमा रूपाताल र वेगनास ताल मात्र रहेको छ । यसै क्षेत्रमा बसी राजा प्रियव्रतले सूर्यलाई जलार्पण गरिरहँदा अञ्जुलिमा माछाको भुरा आई बचाउन अनुरोध गऱ्यो । राजाले माछालाई कमण्डलुमा राखी उद्धार गर्दाखेरीको अवस्था नै विष्णुको दशावतार मध्ये मत्स्य अवतारले वैदिक संस्कृतिमा स्थान जमाएको छ । यसर्थ पुष्करावतीको महिमा विभिन्न कालखण्ड हुँदै आज पनि रहेको छ ।

फेवाताल चार सय वर्ष अगाडि दुई नदीद्वारा निर्मित ताल हो । पश्चिम पञ्चधामबाट बगी आउने हर्पण खोला र उत्तर दिशा कश्यपकोटबाट आउने अँधेरी खोला मिसिएपछि बन्ने फेवाताल तत्कालीन समयमा तालको रूपमा थिएन । यो नदीकै रूपमा बगिरहेको बखत प्राकृतिक प्रकोपमा परी निर्माण हुन गएको हो । तालले पौराणिक गाथालाई आजपर्यन्त जीवन्तता दिइरहेको छ । साक्षीको रूपमा ताल वाराही मन्दिर हाम्रो सामुन्ने छ । फेवाताल नदीका रूपमा वैदाम गाउँ र अनादु गाउँको बीच हुँदै आएर पातले छाँगोबाट फुस्रे खोला हुँदै शुक्लागण्डकीमा मिसिन जाने गर्दछ ।

परिचय र परिवेश

पोखराको मध्य भागमा पर्ने पृथ्वी चोकबाट उत्तरतर्फ लाग्दा करिव १५ कि. मी. दुरिमा अर्थात लामाचौर चोकवाट ८ कि.मी. उत्तर अकला देवी मन्दिर हुँदै उपल्लो चुरूङ्गाको पातले भन्ने गौंडामा पुगिन्छ । त्यस गौंडाबाट पूर्वतर्फको सानो उकालो हुँदै करिव दस मिनेट पैदल हिंडेपछि सडकदेखि दक्षिणतर्फ आधुनिक समयको सिमेन्ट छड् र स्थानीय पत्रे चट्टानको प्रस्तर प्रयोग गरी बनाइएको १३ वटा गजुरले सुशोभित शिखर शैलिमा निर्मित देवी दुर्गा भगवतीको आकर्षक मन्दिर रहेको छ । यो मन्दिरको प्राङ्गणमा पुगेपछि एक दुर्गमा पूर्वाभिमुख भएर मनै लोभ्याउने

मन्दिर रहेको देख्दछौं ।

उत्तरतिर विहङ्गम छटायुक्त मत्स्येन्द्रहिम पर्वत(माछापुच्छ्रे हिमाल), अन्नपूर्ण हिमाल र ब्राह्मण क्षत्रीयहरूको बसोवास रहेको सुरम्य फाँट; जहाँ गौतम, बाँस्तोला, अधिकारी आदि विभिन्न थरका मानिसहरूको बस्ती रहेका छन् । दक्षिणाभिमुख गरी बगेकी पवित्र शुक्लागण्डकीको उदगम शिरोभाग, पश्चिमतर्फ समथर मैदानी फाँटमा लमतन्न परेर रहेको लाहाचोक र घाहाचोकको फाँट अनि नैऋत्यमा अधिकारीहरूको बस्ती छ । आस्तम् पर्वत दक्षिणतर्फ छ भने कास्की कोटको उत्तर फेदीमा हेम्जा शहर छ । यस्तैगरी पूर्वतिर सुन्दर पहाडी काउरे वन र सरोवर सहितको काउरे बस्ती रहेको छ । पूर्वतर्फ करिव १५ मिनेटको दुरिमा अम्वरेश्वर मन्दिर सहितको सतक पुरानो तीर्थ पनि रहेको छ ।

पञ्चायती राज्य व्यवस्था अघि यहाँ बाटो, पानी, बिजुली, विद्यालय केही नहुनाले गौतमकोट दुर्गम मानिन्थ्यो । पोखरा बजार पुगेर घर फर्किन पूरा दिन खर्चिनु पर्दथ्यो । शाही शासन व्यवस्था अगाडि पूरै क्षेत्र बाईसे चौबीसे राज्यको अधीनमा पर्दथ्यो । अम्वरेश्वर मन्दिर तीर्थ वि.सं. १९६६ मा स्वर्गद्वारी महाप्रभुका चेला स्वामी शङ्करानन्द गिरीले गुरूको आशीर्वाद लिई स्थापना गर्नुभएको हो । यहाँ आराध्यदेव भगवान् शिवजीको मन्दिर रहनुका साथै गिरीजीको सायुज्य समाधिस्थल पनि रहेको छ । यसको शतवार्षिक पूजन वि.सं. २०६७ मा स्वामी महाराज रामानन्द गिरी संरक्षक भई गर्नुभएको थियो । उहाँलाई पनि वि.सं २०७४ सालमा गुरू पूर्णिमाको दिन शिव सायुज्य प्राप्त भयो ।

यसै मन्दिरदेखि उत्तरतर्फ सिरानीमा श्री १००८ स्वामी रामानन्द गिरिजी महाराजको पहलमा एक आश्रम निर्माण भएको छ । यहाँ बसेर नै स्वामीजीले कतिपय ग्रन्थहरूको रचना गर्नुभएको थियो ।

यो आश्रम बिल्कुलै पहाडी वनको माझमा वौद्धिक चिन्तन र अध्यात्म जीवनको बोध भएका अनुयायी र भक्तजनहरूलाई आनन्द दिने उपर्युक्त आश्रम बनेर रहेको छ । यहाँ दिवंगत स्वामी महाराज रामानन्द गिरीजीको एक अर्धकदको प्रतिमा पनि स्थापना गरिएको छ । जसले जीवन र जगत्लाई वैदिक संसारको र अध्यात्म ज्ञानको तत्त्ववोध गराउँदछ । वर्तमान समयमा यस आश्रमको र अम्वरेश्वर मन्दिर तीर्थको अगुवानी देवघाटस्थित महेश संन्यास आश्रम र श्री १००८ स्वामी रमणानन्द गिरी महाराजबाट भइरहेको छ ।

पाञ्चायन देवी मन्दिर

पाञ्चायन देवी मन्दिर वि.सं. २०६९ साल भन्दा अगाडि यस स्थलमा नभई यहाँदेखि करिव ८० गज (२५० फुट) तल पातले गौंडोदेखि ईशान कोणको पँधेरो समीप रहेको थियो । यहाँ गौतम, बाँस्तोला थरका ब्रह्मणहरूको कुलायन देवीको रूपमा आफ्नो ईष्ट देवीलाई पूजन गर्ने गरिन्थ्यो । यसैको प्रतीकको रूपमा वर्तमान मन्दिर भित्र देवी विग्रहको दायाँ वायाँ दुई प्रस्तर शिलाहरू रहेका छन् । पछि शिक्षा विकासको क्रममा कास्की जिल्ला विकास विभागबाट मन्दिर समीप रहेको पँधेरोको स्मृती झल्काउँदै 'धारा आधारभूत विद्यालय' स्थापना हुन गयो । विद्यालय स्थापना भएपछि पँधेरो र मन्दिर पनि विद्यालयको चार किल्ला भित्र पर्न गयो साथै मन्दिर रहेको स्थान खोंच र अप्ठ्यारो स्थान भएकोले अलि फराकिलो स्थानमा स्थानान्तरण गर्ने सोच रहेको थियो । यसै परिप्रेक्ष्यमा वर्तमान मन्दिर रहेको स्थान एक अग्लो ढिस्को हुनुको साथै स्थानीयहरूको भैंसी आहाल बस्ने एक सानो पोखरी सहित बरको चौतारो रहेको थियो ।

२०६० को दशकमा दिवंगत स्वामी महाराज रामानन्द गिरीजीले काउरे गुफास्थित आश्रम निर्माण गर्नु भएपछि देवघाटधामस्थित महेश संन्यास आश्रमबाट आएका विद्यार्थीहरूलाई शुक्ला गण्डकीको दृश्यावलोकन र दर्शन गराउँदै यहीको वरको चौतारीमा राखेर संस्कृतको अध्यापन र प्रवचन गर्ने गर्नुहुन्थ्यो । यो दृश्यलाई स्थानीयहरूले रूचीकर ढङ्गबाट हेर्ने गर्दथे । पोखरा शहरबाट पनि दुर्गम क्षेत्रको पहाडी शिखरमा आएर संस्कृतको प्रकाण्ड विद्वान् सन्त गुरूबाट विद्यार्थी वर्गमा अध्ययन गराइएको दृश्यले स्थानीय जनमानसमा गहिरो र अमीट छाप जमाउँदै गइरहेको थियो ।

समय अति बलवान् हुन्छ । समयको शुभ मुहूर्त आइसकेपछि ऊ आफैं छायाँ बनेर स्थान र परिवेश

भित्र उभिन्छ र आफ्नो अभिष्ट पहिल्याउन थालिहाल्छ । गौतमकोटमा यही भयो । स्वामी महाराज र सन्तहरूको आवागमनमा स्थानीयवासीहरू भिज्दै गए । सन्तहरूको सान्निध्यताले सबैजसोको जीवनमा दर्शन प्रवचन र अध्यात्मको दिशावोध रही फुर्सतको समयलाई सदुपयोग गर्दैजाने प्रवृत्ति बढ्दैगयो । खोंचमा रहेको देवीपीठमा सन्त रामानन्द स्वामीको पनि दृष्टि पर्‍यो र यस मन्दिरले भोग्न परेको समस्याहरू स्थानीयवासीले स्वामीजी समक्ष बिन्ती गरे । सोही अनुसार उपर्युक्त ठाउँको खोजीमा हालको स्थानमा मन्दिर बनाउने विचारले स्थान पायो ।

रामानन्द स्वामीको अगुवानीमा स्थानीहरूले हर्षोल्लासका साथ विष्णुप्रसाद गौतम, दण्डपाणी गौतम, गौरीप्रसाद गौतम र कृष्णप्रसाद गौतम सहित सहयोगी भई आर्थिक जोहो गरी वि.सं. २०६९ साल वैशाखको दुर्गा पक्षमा मन्दिर बनाई पूजा शुभारम्भ भयो । सबैले श्रद्धा भक्तिका साथ माता दुर्गा भवानीको दर्शन र माई पुजन गर्ने एक सभ्य संस्कारको जगेर्ना भयो । भैंसी आहाल बस्ने डाँडा देवी पीठको रूपमा घण्ट र शङ्ख बज्ने दिव्य तीर्थमा रूपान्तरण हुन पुग्यो ।

मन्दिर स्थापनायता वि.सं. २०७२ साल वैशाख १२ गतेको भूकम्प यसले सहन गर्नुपर्‍यो । उत्साह र जाँगरकासाथ बनेको मन्दिर भूकम्पमा परी क्षतविक्षत हुन पुग्यो । भूकम्पपश्चात जीर्ण बनेको मन्दिरले वि.सं. २०७४ साल गुरू पूर्णिमाको दिन रामानन्द स्वामीको देहावसान भई अर्को वज्रपात सहन गर्नु पर्‍यो ।

समाजका शुभचिन्तक र अगुवानी गर्ने अभिभावकको रिक्तताले सबैलाई स्तब्ध बनायो । पुनः यस रिक्ततालाई पूर्ति गर्दै नयाँ अभिभावकको रूपमा स्वामिजीकै उत्तराधिकारी श्री १००८ स्वामी रमणानन्द गिरीज्युको उदय भयो र मन्दिरले नयाँ अभिभावक प्राप्त गर्‍यो ।

मन्दिरको पुनर्निर्माणका लागि नविन सोचले गति पाई स्थानीय भक्त ढाकामोहन गौतमको अगुवानीमा सबै स्थानीयहरू सहित भई वि.सं २०७६ असोजबाट शान्ति स्वस्तिका साथ क्षमा पूजा गरी पुनः शिलान्यासपश्चात निर्माण शुरू भयो । यस कार्यलाई सघाउन यसै पंक्तिकार वास्तुकार बनी प्राविधिक रूपमा संलग्न हुने अवसर जुट्यो । निर्माण कार्य थालनी भई काम अघि बढिरहेको बेला विश्व्यापी कोरोना महामारीको सामना पनि गर्नु पर्‍यो । यस समयमा करिव डेढ वर्ष जति निर्माण स्थगित भई पुनः थालनी भयो । स्थानीयवासी, देशमा रहेका शक्तिउपासक, विदेशमा रहनु भएका शुभचिन्तकहरू सहित स्थानीय संघ संस्थाहरूको समेत सहयोगमा मन्दिर पुनर्निर्माण सम्पन्न गरी २०८२ साल चैत १६ गते प्राणप्रतिष्ठाको शुभमुहूर्त निकालियो । सो अवसरमा लक्ष्याहुति यज्ञ सहित मन्दिरको प्राठप्रतिष्ठा गरियो । पोखरा नगरको १९ नं. वडाले हाल स्वर्गको टुक्रा जस्तै धार्मिक गन्तव्यको मन्दिर प्राप्त गरेको छ । राज्यको लागी यो अपूर्व उपहार हुन पुगेको छ । साथै दुर्गम अवस्थामा गुज्रिएको गौतमकोटले पनि सुगमको सास फेर्न पाएको छ । पोखरा– १७ उपल्लो चुरूङ्गा, कास्कीमा निर्मित यस मन्दिर हाल भक्तजनहरूको निम्ति मात्र नभई विदेशी पर्यटकहरूको समेत भ्रमण एवम् दर्शनको गन्तव्य बनेको छ ।❖

–मध्यबानेश्वर, काठमाडौं

शुभकामना

नेपालीहरूको महान पर्व बडा दसैं, शुभ दीपावली, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वको सुखद् अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

ज्यो. पं. जीवराज पोखेल

श्री अम्बिकेश्वरी ज्योतिष तथा वास्तु परामर्श केन्द्र

भुवनेश्वरी मार्ग, पशुपति, काठमाडौं

मोवाइलः ९८५१११०४०२/९८४७९६५४०२

सम्पूर्ण ज्योतिषीय परामर्श र धार्मिक कार्यको लागि हामीलाई सम्झनुहोस् !

शुभकामना

सेवा गरिरहन सक्ने सामर्थ्य प्राप्त होस्

हरि मञ्जुश्री

अहिलेका नेपालीका लागि आध्यात्मिक जागरण र नैतिक चेतना दिने पाठ्यसामग्रीको अभाव छ । त्यसैले त्यस्ता पाठ्यसामग्री दिने पुस्तक र पत्रिकाको आवश्यकता नेपाललाई आइपरेको छ । तर आध्यात्मिक जागरण गराई नैतिक चेतना बढाउने पुस्तक-पत्रिकाहरूको कमी छँदैछ । पुस्तकको भन्दा पत्रिकाको सङ्ख्या कम छ । सनातन वैदिक हिन्दु धर्म, संस्कृति, संस्कार, परम्परा, रीतिरिवाज आदिमाथि धेरैतिरबाट लगातार प्रहारहरू भइरहेका छन् । यस्तो अवस्थामा एउटा आध्यात्मिक पत्रिका प्रेस काउन्सिल नेपालको वर्गीकरणमा 'क' वर्गमा पर्नु र २१ औँ वर्षमा प्रवेश गर्नु सामान्य कुरो होइन ।

'गौरी' मासिक पत्रिकाले २० वर्षमा २४० पूर्णाङ्क प्रकाशन गर्नुपर्नेमा २३२ पूर्णाङ्क प्रकाशन गरेको देखिन्छ । अर्थात् ८ अङ्क मात्रै कम प्रकाशन भएको छ । नेपालका मासिक पत्रिकाहरूमध्ये कति पत्रिकाले एक वर्षमा १२ अङ्क नै प्रकाशन गरेका होलान्, मसँग आधिकारिक तथ्याङ्क छैन । तर मलाई लाग्छ २४० पूर्णाङ्कमा २३१ पूर्णाङ्क प्रकाशन हुनु पनि सरकारले तोकेको मापदण्डभन्दा निकै बढी हो ।

नेपालमा पूर्वीय वाङ्मयको पृष्ठभूमिमा सामाजिक, धार्मिक, आध्यात्मिक, नैतिक क्षेत्रका राम्रा पाठ्यसामग्री लेखिदिने लेखक थोरै मात्र छन् । ती थोरै लेखकलाई पारिश्रमिक दिन सकिने अवस्था कुनै पनि आध्यात्मिक पत्रिकाको छैन नै होला । नेपालको राजनीति नेपाललाई उद्योगविहीन राष्ट्र बनाउन उन्मुख भएकाले नेपालमा विज्ञापनको विस्तृत बजार नै छैन । भएका अलिअलि ठाउँमा पनि सम्पादक-प्रकाशकको व्यक्तिगत सम्पर्कका आधारमा मात्रै आध्यात्मिक पत्रिकाले थोरै विज्ञापन पाउँछन् । सरकारी असहयोगका कारण नेपालभरि पत्रिका पुऱ्याउन नसक्ने कठिनाइ बेहोर्नुपरेकै छ । पाठकको आर्थिक अवस्थाका कारणले र आध्यात्मिक पत्रिकामा उत्तेजना फैलाउने सनसनीपूर्ण सामग्री नहुने भएकाले आध्यात्मिक पत्रिका बिक्री नहुने समस्या पनि छ । पसलबाट केही प्रति बिक्री भए पनि बिक्रेताले समयमै भुक्तानी नदिने अर्को समस्या छ । कतिपय बिक्रेताले त पत्रिका बिक्री भए पनि भुक्तानी नै नगर्ने जस्तो समस्या समेत बेहोरिएकै हो ।

यस्तो अवस्थामा पनि 'गौरी' ले आफूलाई निरन्तरता दिई २१ वर्षमा प्रवेश गर्ने अवस्थामा पुऱ्याउनु चानचुने उपलब्धि होइन । यस कार्यका लागि यसका सम्पादक-प्रकाशकको लगनशीलता र कर्तव्यनिष्ठा स्तुत्य देखिन्छ ।

शब्दयात्रा प्रकाशनले २०६९ सालदेखि आध्यात्मिक पत्रकारिताका क्षेत्रमा सक्रिय संस्था र व्यक्तिलाई सम्मान गर्न थालेको थियो । आध्यात्मिक पत्रकारिताका क्षेत्रमा सम्मानको थालनी त्यसै बेलादेखि भएको हो कि जस्तो मलाई लाग्छ । त्यसै क्रममा 'गौरी' मासिक पत्रिकालाई २०७३ सालमा शब्दयात्रा प्रकाशनबाट 'आध्यात्मिक पत्रकारिता सम्मान' समर्पण गरिएको थियो । त्यसैले ' गौरी' आध्यात्मिक मासिक पत्रिका शब्दयात्रा प्रकाशनको वेबसाइटमा अभिलेखबद्ध छ ।

नेपालको समग्र परिवेश हेर्दा 'गौरी' कसरी सञ्चालन भइरहेको छ, अनुमान गर्न सकिन्छ । आफ्नो व्यावहारिक जीवनका कतिपय आवश्यकताहरू कटौती नगरी आध्यात्मिक पत्रिका सञ्चालन गर्ने सक्ने अवस्था अहिले छैन । त्यसैले मेरो कामना छ— 'गौरी' का कारणबाट सम्पादक-प्रकाशक र उहाँका परिवारजनले युगानुकूलका न्यूनतम भौतिक आवश्यकताहरूको पूर्ति गर्न नसकेर सङ्कट भोग्नु नपरोस् । नेपाली समाजलाई आवश्यक परेको पत्रिकाको पूर्ति 'गौरी' बाट भइरहेकाले यस पत्रिकालाई सहयोग गर्नु पनि हाम्रो कर्तव्यभित्रै पर्छ । यस्तो कर्तव्यको बोध हामी सबैलाई भइरहोस् भनी पशुपतिनाथसँग म प्रार्थना गर्दछु र 'गौरी' ले आध्यात्मिक जगत्मा पुऱ्याएको योगदानको उच्च प्रशंसा गर्दछु । यस पत्रिकालाई नेपाली समाजको सेवा निरन्तर गरिरहन सक्ने सामर्थ्य प्राप्त होस् भन्ने कामना पनि गर्दछु ।❖

-अध्यक्ष शब्दार्थ प्रकाशन, बनेपा, काभ्रे

गौरी

– सहप्रा. डा. विनु बाबा अर्याल

जय गौरीपते शम्भो जय चन्द्रार्धशेखरे
गौरी विनायकोपेतं पञ्चवक्त्रं त्रिनेत्रकम् ।
गौरी प्रियाय रजनीशकलाधराय
गौरी निवेश्य कलकाचितरत्नपीठे ।
सवर्म मङ्गलमाङ्गल्ये शिवे सर्वार्थ साधिके
शरण्यें त्र्यम्वके गौरी नारायणी नमोऽस्तुते ॥

चाहेको दिने तिमी शिवा हौ, सबको मङ्गल गर्छ्यौ ।
त्रिनेत्री गौरी तिम्रो शरणमा परेर ढोग्छौं ॥

जीवको आत्मा नै परमात्माको सूक्ष्म रूप हो । अतः उनी महाशक्तिको नै स्वशक्ति हुन् । स्वशक्तिबाट अनन्त शक्तिहरूको उत्पत्ति हुन्छ । जसमा तीन शक्तिहरू प्रमुख हुन्छन्– ज्ञानशक्ति, क्रियाशक्ति र बलशक्ति । शक्तिले सामर्थ्य बताउँछ । शक्ति कुनै अतिरिक्त बस्तु होइन । शक्ति र शक्तिमान अभिन्न बस्तु हो । यो माया, विद्या, अविद्या, प्रकृति आदि पदहरूबाट प्रस्फुटित हुन्छ । यी शक्ति महाशक्तिबाट अलग हुँदैनन् । शक्ति र शक्तिमानको सदा अभिन्न सम्वन्ध रहन्छ, जसरी पुष्पबाट गन्ध पृथक हुन सक्दैन यिनीहरू पनि एक दोस्रोबाट अलग रहँदैनन् । अतः उपासना गर्दा पनि भगवान्भन्दा पहिले उनको शक्तिको प्रधानता हुने भएकोले राधाकृष्ण, लक्ष्मीनारायण, गौरीशङ्कर आदि नामहरूबाट सम्वोधन (उच्चारण) गर्दछौं ।

शिवलाई अर्धनारीश्वरका रूपमा चित्रित गरिन्छ । शिव–शक्ति पुरूष र प्रकृति एकै हुन् । नारी र पुरूषको गुण एउटै शरीरमा समाहित भएको हुनाले अर्धनारीश्वरको रूपमा चिनिन्छ । सती वा पार्वती भन्नु कायिक अन्तर मात्र छ । वास्तवमा नारी शक्ति पार्वतीको लीलाको पूर्वरूप सती हो । त्यसैले संसारमा चल्ने समस्त क्रियाहरू मायाशक्तिको खेल हो । मायाशक्ति ऊबाट अलग हुँदैन, द्रष्टा छैन र दर्शन पनि छैन । यी तिनैका समष्टिगत रूप उनै महाशक्ति हुन् ।

उनै परमात्मारूपी महाशिक्तले जीवलाई अज्ञान र अविद्याले बाँध्छिन् भने बन्धन मुक्त गर्ने ज्ञान या विद्यारूपबाट आफ्नो स्वरूपमा प्रकट हुन्छिन् । यस परमात्मारूपी महाशक्तिलाई कसैले निर्गुण र कसैले सगुण मान्दछन् । यो सत्य पनि हो जव मायाशक्ति क्रियाशिल रहन्छिन् तव उनी सगुण हुन्छिन् जव उनी महाशक्तिमा रहन्छिन् तव महाशक्ति निर्गुण हुन्छिन् । जसले जुन भावमा उनलाई हेर्दछ, त्यही भावले पाउँछ ।

जव ब्रह्माको मैथुनी सृष्टिद्वारा प्रजाहरू बढे, तव शुम्भ र निशुम्भ नामक दुई दैत्य उत्पन्न भए । यी परस्पर दाजुभाइ थिए । तिनको तपोबलबाट प्रभावित भई ब्रह्माले ती दुवै भाइलाई बर दिनुभएको थियो कि 'तिमीहरू यस जगत्का कुनै पनि पुरूषबाट मारिने छैनौ ।' ती दुवैले ब्रह्मासित यो प्रार्थना गरेका थिए कि 'पार्वती देवीको अंशबाट जुन अयोनिजा कन्या उत्पन्न हुन्छिन्, जसलाई पुरूषको स्पर्श तथा रति प्राप्त भएको छैन, जो पराक्रमबाट सम्पन्न छिन् उनीप्रति कामभावले पीडित हुँदामा हामी युद्धमा उनैको हातबाट मर्न पाऔं !' तिनको यस प्रार्थनाप्रति ब्रह्माले 'तथास्तु' को वरदान दिनुभएकोले सोही अनुसारको परस्थिति उत्पन्न गर्ने क्रममा ब्रह्माले ती दुवैको वधको लागि पार्वतीको शान्ति स्वरूपलाई उग्ररूपमा परिणत गराएर कन्या उत्पत्ति गराउन भोलानाथलाई उक्साएर उहाँको मुखबाट 'तिमी त काली छौ ।' भनी जिस्क्याउने परिपञ्च गरे । यथार्थतामा सोही भयो ।

देवी पार्वतीले आफ्नो कालोपनको निन्दा गरेको कारणले तपस्याद्वारा यसको त्याग गर्दछु भनी उठ्न लाग्दा शिवले यो क्रीडा वा मनोविनोदको लागि ठट्टा गरेको हो भन्ने सफाइ दिंदा पनि पार्वती आफ्नो वचनमा अडिक रहनुभयो । शिवले संझाउँदै यसको लागि तपस्याको

आवश्यकता पर्दैन । तिमी मेरो वा आफ्नै इच्छामात्रले अर्को वर्णले युक्त भई जाऊ भन्दा पार्वतीले भन्नुभयो कि पूर्वकालमा जव म सतीको नामले दक्षको पुत्री भएकी थिएँ, तव तपस्याद्वारा नै मैले हजुर जगदीश्वरलाई पतिको रूपमा प्राप्त गरेकी थिएँ । यसैप्रकार आज पनि तपस्याद्वारा ब्राह्मण बह्मालाई सन्तुष्ट पारी म गोरी हुन चाहन्छु भनी आफ्नो अठोट सुदाउँदा देवताहरूको कार्यसिद्धि गर्ने इच्छाले उहाँले देवीलाई रोक्नको लागि हठ गर्नुभएन ।

उहाँले पहिला सखीहरूसाथ जुन स्थानमा तप गर्नुभएको थियो, त्यस स्थानसित उहाँको प्रेम हुन गएको थियो । अतः फेरि उहाँले तपस्याका लागि त्यसै स्थानलाई रोजेर बस्नुभयो । समय वित्दै जाँदा यता देवीको तपस्या बढ्दै गयो उता दैत्यहरूको दुष्ट्याई पनि बढ्दै गयो । देवताहरूको पीडालाई ध्यानमा राखेर ब्रह्माले भन्नुभयो– 'हे देवी ! यतिमात्र प्रयोजनका लागि हजुरले यस्तो कठोर तपस्या किन गर्नुभयो ? के यसका लागि हजुरको इच्छा मात्र नै पर्याप्त थिएन ? अथवा यो पनि हजुरको लीला मात्र हो ? जगन्माता ! हजुरको लीला पनि लोकहितको लागि नै हुन्छन् । अतः हजुर यसद्वारा मेरो अभिष्ट फलको सिद्धि गरिदिनुहोस् ।'

निशुम्भ, शुम्भ नामक दुई दैत्यलाई ब्रह्माले वरदान दिएको कारण उनीहरूको घमण्ड बढ्दै गएर देवताहरूले दुःख पाइरहेका थिए, अतः अब विलम्ब नगरी तपबाट उठी तिनको बध गरिदिनुहोस् भन्ने ब्रह्माको प्रार्थनालाई गिरिराजकुमारी देवी पार्वतीले आफ्नो कालो छालाको आवरणलाई उतारेर गोरो वर्णकी हुनुभयो । कालो त्वाचामय आवरणबाट त्यागिएको जुन उहाँ शक्तिरूपी थिइन् उहाँको नाम कौशिकी भयो । उहाँ कालो मेघसमान कान्ति भएकी कृष्णवर्णा कन्या हुनुभयो ।

देवीको त्यो मायामयी शक्तिलाई नै योगनिद्रा र वैष्णवी भनिन्छ । ती शक्तिका ठूला ठूला आठ भुजा थिए । उहाँले ती हातहरूमा शंख, चक्र र त्रिशूल आदि आयुध धारण गर्नुभएको थियो । ती देवीका तीन रूप थिए । सौम्य, घोर र मिश्रित । उहाँले शिरमा अर्धचन्द्रको मुकुट धारण गर्नुभएको थियो । उहाँलाई पुरूषको स्पर्श तथा रतिको योग प्राप्त भएको थिएन । उहाँ (अरूबाट) अजय एवम् अत्यन्त सुन्दरी हुनुहुन्थ्यो ।

देवीले आफ्नो यस सनातन शक्तिलाई ब्रह्माको हातमा दिनुभयो । उहाँ नै दैत्यप्रवर शुम्भ र निशुम्भको वध गर्ने हुनुभयो । त्यस समय प्रसन्न भएका ब्रह्माले त्यस पराशक्तिलाई सवारीका लागि एउटा प्रवल सिंह दिनुभयो । जुन उहाँसँगै आएको थियो ।

ती देवीलाई बस्नका लागि ब्रह्माले विन्ध्यागिरिमा वासस्थान दिनुभयो र त्यहाँ नाना प्रकारका उपचारहरूद्वारा उहाँको पूजा गरियो । विश्वकर्मा ब्रह्माद्वारा सम्मानित भई ती शक्ति आफ्नी माता गौरीलाई र ब्रह्मालाई क्रमशः प्रणाम गरी आफ्नै अंगबाट उत्पन्न र आफू समान शक्तिशाली बहुसंख्यक शक्तिहरूलाई साथ लिई दैत्यराज शुम्भ निशुम्भलाई मार्नका लागि उद्यत भएर विन्ध्यागिरिपर्वततर्फ प्रस्तान गर्नुभयो ।

देवीले रणमैदानमा शुम्भ र निशुम्भको मन तथा शरीरलाई आफ्नो हावभावरूप वाण तथा वास्तविक वाणहरूले छिन्नभिन्न पारी ती दुवै दैत्यराजलाई मारिदिनुभयो ।

देवीको आश्रममा शरणागति भएर बसेका बाघले पनि सिद्धि प्राप्त गरी उहाँको रथको रूपमा रह्यो । यस प्रकार देवीलाई उहाँको परमतत्त्वको स्मरण गराएर ब्रह्माले जव उचित प्रार्थना गर्नुभयो तव गौरी तपस्याबाट निवृत्त हुनुभयो । त्यसपछि देवीको आज्ञा लिएर ब्रह्मा अन्तर्धान हुनुभयो र मातापिताको दर्शन गरी महादेवको दर्शन गर्न देहको दिव्य प्रभाले दशै दिशाहरूलाई आलोकित पार्दै गौरीदेवी मन्दराचलतर्फ जानुभयो । जहाँ सम्पूर्ण जगत्का आधार, स्रष्टा, पालक र संहारक पतिदेव महेश्वर विराजमान हुनुहुन्थ्यो ।

वराहपुराणमा बताइएअनुसार– रूद्रको उत्पत्ति भएपछि प्रजापति ब्रह्माले स्वयं भगवान् नारायणको श्री विग्रहबाट प्रकट भएकी परम मंगलमयी गौरीलाई भार्याको रूपमा वरण गर्न दिनुभयो । त्यो बेला सृष्टि अगाडि बढाउन ब्रह्माले रूद्रलाई अह्राउनु भयो । तर यसमा रूद्रले असमर्थता प्रकट गरेपछि तप गर्नका लागि रूद्र जलमा निमग्न हुनुभयो । ब्रह्माले गौरीलाई आफ्नै शरीरमा अन्तर्लीन गराउनुभयो ।

त्यसपछि ब्रह्माले आफूमा अन्तर्लीन गराएकी गौरीलाई दक्ष प्रजापतिबाट दाक्षायणीको रूपमा सिर्जित गराएर विष्णुद्वारा रूद्रलाई दिन लगाउनुभयो । ब्रह्माले रूद्रको निवासका लागि कैलाशपर्वत प्रदान गर्नुभयो । दाक्षायणी

गौरीलाई चाहिँ पिता दक्षले यी देवाधिदेवलाई यज्ञमा भाग नदिएर अनर्थ भएको थियो । त्यसको फलस्वरूप यज्ञका निम्ति बनाइएका सम्पूर्ण नगर र यज्ञमण्डप सबै ध्वस्त भएका थिए । त्यसैले आफ्नो पिताबाट उत्पन्न यो शरीरलाई त्याग्नु नै उचित ठानेर गिरिराज हिमालयमा गई लामो समयसम्म तपस्या गरिन् र योगाग्निद्वारा आफ्नो शरीरलाई भष्म गरेर हिमालयकी पुत्रीको रूपमा पार्वती, उमा, महाकाली आदि नामबाट प्रकट भइन् । त्यहाँ पनि भगवान् रूद्रलाई पतिरूपबाट प्राप्त गर्न पार्वती कठोर तपस्यामा बसेकै बेलामा भगवान् शिव सबै अङ्ग शिथिल भएको बुढो ब्राह्मणको रूपमा पुग्नुभयो ।

ब्राह्मणरूपी शिवले खानका लागि पार्वतीसँग केही माग्नुहुन्छ र खानुभन्दा पहिला नुहाउनका लागि नदीको जलमा प्रवेश गर्नुहुन्छ तर अकस्मात् गोहीले उहाँलाई समाउदा पार्वतीले ब्रह्महत्याबाट बच्न गोहीबाट छुटाउँछु भनेर हात समातेर ब्राह्मणलाई तान्न लाग्दा, देख्दा देख्दै ब्राह्मणको भेषमा भूतभावन शङ्करको साक्षात् दर्शन भयो । यता भोले शङ्करले चाहिँ मेरो हात पक्डिएकोले पाणी ग्रहण भैसकेको बताउनुभयो । यो बेलामा पार्वतीले आफ्नो पिता हिमालयसँग यथार्थ निवेदन गर्नु नै सही ठानेर सबै कुरा पिताजीलाई सुनाएपछि पिताजी पनि खुशी हुनुभयो ।

पितामह ब्रह्माले पनि यसलाई अनुमोदन गर्नुभयो । यसपछि भगवान् शङ्करको विधिपूर्वक भाद्रशुक्ल तृतीया तिथिमा उमासँग विवाह भयो । रूद्रको प्राकट्य, गौरीको जन्म तथा प्राकट्य सबै तृतीया तिथिका दिन भएकोले यो तिथिमा नुन खानु हुँदैन । जो स्त्री यस दिन उपवास गर्छिन्, उनलाई अटल सौभाग्य प्राप्ति हुन्छ । दुर्भाग्यग्रस्त स्त्री या पुरूष तृतीया तिथिमा नून नखाएर यो प्रसङ्ग सुन्छन् भने पनि उनीहरूलाई सौभाग्य धन सम्पत्ति र मनोवाञ्छित पदार्थ प्राप्त हुन्छन् ।

शैव परम्परामा चैतन्य शिव र शक्ति मिलेर बनेको शिवशक्तिबाट यो सृष्टिले विचित्रता पाएको मानिन्छ । शिवका अनेकौं रूप भएझैं शक्तिका पनि अनेक रूप भएको मानिन्छ । शक्तिका हरेक रूपलाई सम्वोधन गर्दा शक्तिभन्दा पनि देवी नाम बढी प्रयोग भएको देखिन्छ । शक्तिका अनेकौं रूपहरूमध्ये एउटा पार्वती रूप मानिन्छ, जुन रूपमा शक्ति दयालु, कपालु करूणामयी, सुखदात्री, शान्तिदात्री भएको भनिएको हुन्छ ।

शक्तिको अर्को रूप दुर्गा भएको मानिन्छ जसमा उनी सुन्दरी रूप तथा युद्ध र पराक्रमकी देवी भएको मानिन्छ ।

शक्तिको तेश्रो रूप हो काली । कालीको नाम काल शब्दबाट उत्पत्ति भएको मानिन्छ । कालको अर्थ समय र मृत्यु हुन्छ जसमा उनी भयानक डरलाग्दो रूपकी संहारक र विध्वंसक देवी भएको मानिन्छ । नामले नै उनलाई कालको मुखबाट बचाउने र सङ्कटमोचन गर्ने देवीका रूपमा चिनिन्छ । वैदिक मान्यताका अनुसार त्रिगुण वा कुनै एक गुण उद्भव हुन प्रकृतिबाट मात्र सम्भव छ । त्यसैले प्राकृतिक गुणमा आधारित सत्वप्रधान ज्ञानकी देवी सरस्वती, रजप्रधान धनकी देवी लक्ष्मी, रजप्रधान शक्तिकी देवी दुर्गा र तमप्रधान क्रोधकी देवी काली हुन् भन्ने सुभाग्य, सौभाग्यले पूर्ण गर्ने गौरी हुन् ।

गौरा सुदूर पश्चिम क्षेत्रको महत्त्वपूर्ण धार्मिक एवम् सांस्कृतिक पर्व हो । शुक्ल अष्टमीमा मनाइने उज्याली गौरा र कृष्ण अष्टमीमा मनाइनेलाई अँध्यारी गौरा भनिन्छ । सतीत्वको रक्षार्थ निराहार रही शैलपुत्री गौरीको व्रतको प्रारम्भ भएकोले यो व्रतलाई सौभाग्य बढाउने व्रतको रूपमा लिइन्छ ।

भगवान् शङ्कर र भगवती पार्वती सनातन धर्मावलम्बी जनसमुदायका आराध्यदेव एवम् उपास्य देवदेवीका रूपमा प्रसिद्ध छन् । विष्णु, लक्ष्मी उपास्य भए पनि निःसन्तान भएकाले तिनको अपेक्षा सन्तानसहितका गौरी शङ्कर गृहस्थका लागि बढी आश्रयणीय मानिन्छन् । यसरी गौरापर्वसँग यिनै महादेवको सती र पार्वतीसित भएको विवाहको सम्वन्ध पनि गाँसिएको पाइन्छ ।

गौरा पर्वको शुरूवात भाद्रशुक्ल प्रतिपदाबाटै हुन्छ । गौरा पर्वका क्रममा महिलाहरूले निराहार व्रत वसी सामूहिक रूपमा धान, सावाँ, तिल, अपमार्ग आदि विरूवाका बोटबाट गौराको प्रतिमा (मूर्ति) बनाई गौरा घरमा भित्र्याउँछन् । गौराको प्रतिमा सामान्यतः कन्या कुमारीको हातबाट बनाइने चलन छ । गौरा मूर्ति तयार भएपछि शुद्ध घरमा भित्र्याउने गरिन्छ । गौरीको प्रतिमासँगै पहेंलो कपडाले बेरिएको काठको पिर्कालाई शिवको प्रतीक मानेर राखिन्छ । धार्मिक अनुष्ठान एवम् पूजाआजाका साथै गौरालाई गौराघरमा भित्र्याइसकेपछि श्रद्धालु महिलाद्वारा शिव र गौरी (गौरा)को

पूजा आजा गर्ने गरिन्छ ।

मत्स्यपुराणमा बताइएअनुसार नन्दिश्वरले नारदलाई विभिन्न व्रतहरूको बारेमा बताउँदै जो चैत महिनामा दही, दुध, घ्यू, सख्खरको प्रयोग गरी गौरीको पूजा गर्दछ, त्यो गौरीको लोकमा जान्छ, यसलाई गौरीव्रत भनिन्छ ।

वैदिक मान्यताअनुसार यो ब्रह्माण्डमा जे जति वस्तु वा प्रणालीहरू विद्यमान छन्, ती सबैमा दुईवटा अभिन्न पाटा रहेका हुन्छन् । तीमध्ये एउटा पाटो हो भौतिक पदार्थको र अर्को पाटो हो चेतनाको । अतः प्रकृति र पुरूष दुवै अनादि हुन्, दुवै अनन्त हुन् । दुवै अजन्मा र अमर हुन् । दुवै सृष्टिका उपादान कारण (जन्मदाता) हुन् । जहाँ प्रकृति हुन्छ त्यहाँ पुरूष अवश्य हुनुपर्दछ । त्यसैले सृष्टको हर अवयवमा प्रकृति र पुरूष दुवै साथ साथै विद्यमान हुन्छन् । जहाँ प्रकृति छ, त्यहाँ चेतना छ (गीता १३/२४) आत्मज्ञान नै शिवको स्वरूपको ज्ञान हो ।

आद्यशक्तिको आश्रय नलिउन्जेल आत्मज्ञान प्रकाशित हुँदैन । जव शिवको शक्तिसँग भेट हुन्छ, त्यो नै शिवतत्त्व हो । अतः जब मन बुद्धिले परमज्योति वा प्रकाशरूपी शिवमा एकाग्र हुन्छ, यसले सबै कमजोर संस्कारलाई भष्मिभूत पार्दछ । तव भित्रका शाश्वत मूल्य र गुणहरू सशक्त र सक्रिय हुन पुग्दछन् । धर्मले अध्यात्ममा प्रवेश गराउँछ । शाश्वत अस्तित्वको वोध गराउनुको अतिरिक्त अनादि अविभाजित चैतन्य शक्तिको मूल स्वभाव र गुण शक्तिको वास्तविक स्पष्टिकरण दिन्छ । मानिस भित्रको धर्मभेद, लिङ्गभेद, जातिभेद तथा रंगभेद आदि सबै मान्यता नष्ट हुन गई शुद्ध आत्मभावको तेश्रो नेत्र खुल्न जान्छ । यस तेश्रो नेत्रले उजागर गरेको चेतनाको प्रस्फुटनबाट मानिस भित्र वसुधैव कुटुम्वकम् अर्थात् शिव वन्धुत्वको भावना फैलाउँछ ।

शिवको पवित्र तीर्थ पवित्रता हो र गौरी पवित्रताको प्रतीक हो । उमा पार्वती हैमवती आदि अनेकन नामले सुशोभित यस्ती जगज्जननी भुवनेश्वरी गौरीको नामले सुशोभति मासिक पत्रिका वि.सं. २०६२ साल असोज महिना ६ गते जि.प्र.का. काठमाडौंमा दर्ता भई सोही महिनाबाट प्रकाशन हुँदैआएको छ । यस पत्रिकाले सनातन पूर्वीय मान्यतामा आधिरित विज्ञानमयी ज्ञान दर्शनलाई, ऋषि संस्कारलाई आफ्नो प्रकाशनको मुख्य विषयवस्तु बनाई निरन्तर रूपमा आधत्मिक ज्ञान विज्ञान र सनातन धर्म संस्कार संस्कृतिका विषयमा आधारित यथार्थ ज्ञान दर्शनलाई यथासम्भव उजागर गर्दै जाने क्रममा आफूलाई उभ्याएको छ ।

अर्जुन लामिछाने जो यस पत्रिकाको प्रकाशक र सम्पादक हुनुहुन्छ, बाहिर हेर्दा ज्यादै सरल र स्वभावको देखिने उहाँ भित्री रूपमा त्यत्तिकै दृढ, दूरदृष्टिका धनी वैदिक सनातन धर्मलाई असाध्यै माया गर्ने हुनुहुन्छ । उहाँको मेहनतमा गौरी पत्रिकाले बहिर्मुखी सभ्यताको कारण हराउँदै गइरहेको वैदिक सनातन धर्मको रक्षार्थ एक लौह स्तम्भको रूपमा आफूलाई उभ्याएको छ । यसैगरी उपसम्पादकको भूमिकामा रहनुभएकी बिना अधिकारीको समसामयिक विषय वस्तुको विद्वता र गौरीप्रतिको समर्पण भावले यस पत्रिकाको निखारतामा थप बल पुगेको आभाष हुन्छ ।

गौरी मासिक पत्रिकामा नेपालका ठूला ठूला विद्वान्, दार्शनिक चिन्तक, साधक तथा अध्यात्म विधामा आस्था राख्ने जिज्ञासुका कविता, लेख, निवन्ध र समीक्षाहरूको प्रकाशन हुँदैआएको छ । नेपाली अध्यात्म साहित्यको विकास र विस्तारमा सनातन संस्कृत र संस्कृतिका उपासक अर्जुन लामिछानेको सम्पादकत्व एवम् मिहनेतमा गौरी पत्रिकाले पुऱ्याएको योगदानलाई मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छु । आफ्नो लक्ष्यमा अर्जुन दृष्टिदिई गौरीको सेवामा खट्नु भएका अर्जुन लामिछानेको अथक प्रयास र योगदानको कारण गौरीलाई आज हाम्रो घरघरमा भक्तिको दीपक जलाउन ठूलो सहयोग पुगेको छ ।

युगको आवश्यकताको वोध गर्न बाटो विराएको समाजलाई बाटो देखाउन, समाज हितका लागि शाश्वत ज्ञान विज्ञान उजागर गर्न विभिन्न आरोह अवरोह पार गर्दै यति लामो यात्रामा नित्य निरन्तर रूपमा एकल यात्रीको एकल प्रयासमा अगाडि बढेको गौरी पत्रिकाले अध्यात्म पत्रिकाको इतिहासमा आफूलाई बलियो खम्वाको रूपमा उभ्याएको छ ।

भगवद्गीतामा उल्लेख छ- जो आफ्नो क्षेत्रको विशिष्ट साधनामा संलग्न हुन्छ, उसैले सिद्धि प्राप्त गर्दछ, स्वे स्वे कर्मण्य भिरतः संसिद्धि लभते नरा । यो हामी उहाँमा पाउँछौं ।

जीवनमा निर्धारित लक्ष्यनिष्ठ लिएर जीवनको प्रत्येक

क्षणको पूर्ण सदुपयोग गर्दै अनवरत रूपमा अगाडि बढिरहनुभएको अर्जुन लामिछानेको मेहनतको र गौरी पत्रिकको उच्चतम मूल्याङ्कन गर्न जति शब्द खर्च गरे पनि कमै हुन्छ ।

महिनादिनभर देशभर भएका धार्मिक गतिविधिलाई यथासम्भव सूक्ष्म दृष्टिले मिहिन ढंगले जनमानसका जीवनलाई धार्मिक, आध्यात्मिक ज्ञानको प्रभाव पार्न सफल भइरहेको यो पत्रिका नियमित रूपमा प्रकाशित भई यसले अनन्तसम्म अगाडि बढ्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु ।❖

-बत्तीसपुतली, काठमाडौं

सन्दर्भ सामग्री

१. महर्षि वेदव्यास प्रणीतम् श्रीशिवमहापुराणम्- गीताप्रेस गोरखपुर

२. वराह पुराण खण्ड २ पेज २३-२४

३. पं. चेतोनाथ शर्मा आचार्य- हाम्रा धार्मिक चाडपर्व (रत्नपुस्तक भण्डार)

४. काणे, डा. पाण्डुरङ्ग वामन (सन १९७३) धर्मशास्त्रका इतिहास भाग १-५ हिन्दी समिति लखनउ

५. पन्थी डा. लक्ष्मीकान्त (२०७३) हिन्दु संस्कार : परिचय र विमर्श, रत्नपुस्तक भण्डार ।

विजया दशमी, शुभ दीपावली, न्हु दँया भिन्तुना एवम् छठ पर्व २०८२ को पावन अवसरमा वडाबासी समस्त दाजुभाइ, दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

वडावासीहरूलाई अनुरोध-

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ-सराइ सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।

❖ आफ्नो वरपरको वातावरण सधैं सफा राखौं ।

काठमाडौ महानगरपालिका वडा नं. - १

नक्साल, काठमाडौं

आमा गौरी

भुवनराज सुवेदी शास्त्री

गौरी स्वागत गर्दछौं भुवनमा नित्यै पूजा गर्नि हो ।
माता हौ जननी सबै जगतकी स्वागत सधैं गर्नि हो ।,
'गौरी' नाम पत्रिका पुगिसक्यौ एक्काइसौ वर्ष हो ।
गौरीको शुभ आशीषै मिलिरहे प्रकाशितै गर्नि हो ॥

आद्यशक्ति त देवी हौ भगवती आठौं छ तिम्रो रूप ।
महागौरी भयौ तिमी जगतमा श्रीश्वेत रूपै छ त ।
साक्षात् गौरी भवानी हो जगतकी रूद्रायणी हौ तिमी ।
तिम्रो रूप अनेक छन् धरणीमा मैषासुरै मर्दिनी ॥

काली हौ तिमी छौ भयङ्करकरी श्री शैव छाती टेक्यौ ।
छातीमै चरणै परे शिवजीका झस्केर जिब्रो झिक्यौ ॥
गौरी हौ तिमी ता खुवै शीतलको असाध्यनै राम्री छ्यौ ।
तिम्रो दर्शन खातिरै पृथिवीमा पूजा गरी बस्दछौं ॥

आयो वैदिक धर्मको विजयको दशैं महाचाड हो ।
दुर्गाका नव रूपको घर घरै पूजा सबै गर्नि हो ॥
महागौरी पूजा त अष्ट दिनमा गर्छौं सबै मन्दिर ।
आशीर्वाद दिनोस् सधै सुखी रहून् हाँसी बसुन् है घर ॥

तिम्रो रूप अनेक छन् तर पनि गौरी यहाँ पुज्नि हो ।
प्रकृति तिमी हौ सबै भूरचना तिम्रो स्वरूपै त हो ॥
यो एक्काइस वर्ष अंक सब हुन् प्रकाशनै गौरीका ।
माग्छौ आशीष है यहाँ विजयको बडा दशैं चाडमा ॥❖

हाल: बेलायत



गौरीलाई शुभकामना

गोपालकुमार मैनाली

"शरीर स्वास्थ्य होस् नित्य, दानले धन शुद्ध होस्
ध्यानले मन होस् शुद्ध, ज्ञानले सर्वसुद्धि होस्।

प्राध्यापक शिवगोपाल रिसालको यो कवितांशले जीवनको समग्र पाटोलाई प्रतिनिधित्व गरेको छ । आध्यात्मिक साहित्यिक पत्रिका गौरीको एक्काइसौं वर्ष प्रवेशको सन्दर्भमा यसले आफ्ना प्रकाशन मार्फत दिन खोजेको सन्देश पनि यही हो । प्रेस काउन्सिल नेपालद्वारा "क" वर्गमा राखेको आध्यात्मिक साहित्यिक पत्रिका सम्भवत नेपालकै एकमात्र "गौरी" हो । आफ्नो स्थापनाको २० औं वर्ष पूरा गरेको सन्दर्भमा यसले विगतका प्रकाशनहरूमा आध्यात्मिक, वैदिक, धार्मिक, सांस्कृतिक भाषिक, क्षेत्रमा पुऱ्याएको योगदान अविस्मरणीय छ । आआफ्ना क्षेत्रमा वैशिष्टता हासिल गरेका विद्वत जनहरूका लेख, प्रवचन, अन्तर्वार्ता, प्रेरक कथा, यात्रावृत्तान्त, संस्मरण आदिले पाठकलाई नयाँ ज्ञान, अनुभूति र उत्प्रेरणा प्रदान गरेका छन् । गौरीका हरेक अङ्क विशेष अङ्कका रूपमा प्रकाशन भएको पाइन्छ । पत्रिकाले केवल प्रकाशनको धर्म र औपचारिकता मात्र पूरा गरेको छैन । यसले आफ्ना हरेक प्रकाशनमा सामाजिक उत्तरदायित्व, देश, समाजप्रतिको जिम्मेवारी बोध सचेततापूर्वक निर्वाह पनि गरेको छ ।

सनातन वैदिक ज्ञान, आधुनिक वैज्ञानिक ज्ञानले युक्त मानवशास्त्रका रूपमा विश्वमा पुजित मद्भागवत गीताको विषद् चर्चा, इतिहासका कतिपय उजागर नभै छोपिएर रहेका सुनौला पाटोलाई उजागर गरेको छ । हाम्रा वैदिक निधिहरू, श्रुति, स्मृति, पुराण, न्याय, साख्य दर्शन जस्ता विषयहरूमा सम्बन्धित रहेर विशेषज्ञ र ज्ञाताहरूका भावगम्भीर्य र विचार उत्तेजक लेखहरू समेत प्रकाशन भएका छन् ।

पौराणिक कथाहरू, नीति कथाहरू, चरित्र निर्माणलाई चाहिने सूत्रहरू साथै समाजका आँखाबाट ओझेलमा रहेका सांस्कृतिक र पौराणिक निधिहरूलाई खोज अनुसन्धान गरेर गौरीमार्फत पाठक समक्ष पस्किने काम पाठकका लागि झनै नौलो विषय बनेको छ । सामाजिक सद्भाव, धार्मिक सहिष्णुता कायम गर्नु, देशभित्र छरिएर रहेका अनुपम प्राकृतिक सौन्दर्य, इतिहास बोकेका मठ मन्दिर र देवालयको तीर्थाटन समेत गौरीले पाठकहरूलाई घरमा बसीबसी सहजै उपलब्ध गराएको छ । साहित्यका विविध पक्षका अलावा कविता, नियात्रा, कथा, लेखहरूले गौरीको साहित्यिक फाँटलाई समेत उर्वर बनाउँदै ल्याएको छ । आध्यात्मिकताभित्र नपर्ने तर सर्वसाधारण र मानव जीवनलाई प्रत्यक्ष प्रभाव पार्ने वातावरणीय प्रभाव र यसको नकारात्मक र सकारात्मक पाटोलाई पत्रिकामार्फत सचेतना फैलाउने कार्य समेत भएका छन् ।

त्यसैगरी विश्वव्यापी वातावरणीय प्रभाव, जलवायुको परिवर्तन र यसले पर्यावरणमा पारेको असर र वर्तमानमा सृजना गरेको चुनौती र भविष्यमा आइपर्ने टड्कारो समस्याका बारेमा समेत समयमै सचेत बन्नेतर्फ पत्रिकाले सम्बन्धित सरोकारवाला निकायलाई घचघच्याउने काम समेत गरेको देखिन्छ । जेष्ठ नागरिक, उनीहरूको अनुभव, ज्ञान, अध्ययन, सीपलाई देशको हितमा र समाजको हितमा प्रयोग गर्नुपर्छ भन्ने अभिप्रायले पाका पुस्ताको अनुभव र उनीहरूको जानकारीमा रहेका अनुपमज्ञानलाई उहाँहरूका अन्तर्वार्ता, व्यक्तित्वको चिनारी जस्ता सिर्जनात्मक लेखले गौरीलाई झनै पठनीय बनाएको छ ।

धार्मिक सहिष्णुता, सांस्कृतिक विविधता १२६ भन्दा बढी भाषाभाषीका मौलिक रीतिरिवाज, चाडपर्व, धर्म, संस्कृति, रीतिरिवाज, जात्रा, पर्व, उत्सव, कुल पूजा, थान पूजा, प्रकृति पूजा आदिको जानकारी छाप्नाले एक जातिको सांस्कृतिक पर्वका बारेमा अर्को कुनामा बस्ने जातिले सहजै जानकारी लिन सक्ने अवसर गौरीले प्रदान गरेको छ । नेपालका हरेक जिल्लामा, स्थानीय तहमा विभिन्न शक्ति पीठहरू छन्, देवालय छन् । शिवालय मठमन्दिर पाटीपौवाहरूको धार्मिक र पर्यटकीय स्थानको

जानकारी दिने अभिप्राले गौरीले आफ्नो आवरण पृष्ठमा रङ्गीन फोटो प्रकाशन गर्नु पत्रिकाको विशिष्टता देखिन्छ । २०८१ सालसम्मका केही अङ्क अध्ययन गर्ने हो भने पनि पोखरा, नुवाकोट, चितवन, रूपन्देही, सुनसरी, काभ्रे, डोटी, सप्तरी, धनुषा, बारा, ताप्लेजुङ, खोटाङ, सिन्धुली, नवलपरासी, प्युठान आदि अनेकौं जिल्लामा छरिएर रहेका आस्थाका केन्द्रहरू, पौराणिक र ऐतिहासिक शक्तिपीठहरूले स्थान पाउनुले पनि ऐतिहासिक धरोहरहरूको चिनारी विश्वव्यापी रूपमा पुऱ्याउनुको अर्थमा बुझ्न सकिन्छ । यस पाटोमा गौरीको अभियानले निरन्तरता पाउने अपेक्षा गरिएको छ ।

त्यसैगरी देशका विभिन्न स्थान विशेषमा, विशेष अवसरमा मनाइने जात्रा, महोत्सव मेला, भागवत, कोटीहोम आदिका समाचारमूलक सामग्री गौरीले पस्किने गरेको पाइन्छ । मानव स्वास्थ्यलाई निरोगी राख्न गरिने योगासन, खानपान, दिनचर्या, जीवनशैली, औषधिविज्ञान, आयुर्वेद, विज्ञान, पञ्चकर्म, षटकर्म, कुण्डलिनी योग, नादयोग आदिका बारेमा समेत सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको लेखहरू पढ्न पाइन्छन् । त्यसैगरी पतञ्जलिका अष्टाङ्ग योग एवम् बुद्धदर्शनका अष्टशीलका बारेमा समेत विद्वान विदूषीबाट पठनीय लेख रचना पस्किनु गौरीको अर्को विशेषता रहेको छ ।

ध्यानका विविध तरिका र प्रयोगका बारेमा सम्बन्धित ज्ञाता र विशेषज्ञ व्यक्तिका लेख रचनाहरू पस्कनु गौरीको सुन्दर पक्ष हो । नेपालमा मनाइने विभिन्न चाडबाड, व्रत, उपासना, भजन, ऐतिहासिक कालखण्डमा समाजलाई सकारात्मक बाटोमा डोऱ्याउने सत्पात्रको जीवन कथा, उनीहरूले भोगेका सुख, दुःख र पीडा संघर्षको वृतान्त समेत लेखहरूमा पढ्न पाइन्छ । जसको ज्ञान आजका पुस्ताहरूलाई प्रेरणाको स्रोत बनेको छ ।

त्यसैगरी विश्व साहित्यका प्रेरक कथाहरू, आध्यात्मिक ज्ञानका कुराहरू नेपाली भाषामा अनुदित भएका छन । ऐतिहासिक र समाजलाई गति दिने साधकहरू, सन्त महन्त, ऋषिमुनिहरूका जीवनी, आत्मवृत्तान्त, अनुभव, चमत्कारिक घटना, प्रेरणादायी परिघटनाहरूलाई समेत लेख रचनामार्फत गौरीले आफ्ना प्रकाशनमा पस्कने गरेको छ ।

पुराना पुस्ता र नयाँ पुस्तालाई जोड्ने सेतुका रूपमा गौरीका अङ्कहरू पढ्न पाइन्छ । अहिलेका जेन्जी पुस्तालाई आफ्नो देशको विशिष्ट धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पौराणिक भाषिक, जातीय विशिष्टतासँग जोड्न सकिएन भने हाम्रो अनुपम सांस्कृतिक वैभव क्रमश लोप हुने खतरा रहन्छ । त्यसका लागि पनि पुराना पुस्ताको ज्ञान अनुभवलाई जेन्जी पुस्तामा पुस्तान्तरण गर्दै लगेका खण्डमा मात्र यो अमूर्त सम्पदा जिउँदो रहन सक्छ । यस पक्षमा पनि गौरीले आगामी दिनमा विशेष ध्यान दिनेछ भन्ने अपेक्षा गर्नु सान्दर्भिक ठहर छ ।

"गौरी मासिक" एक्काइसौँ वर्ष प्रवेशको उपलक्ष्यमा गौरीको श्रीवृद्धि, उन्नयन र दीर्घ जीवनका लागि वार्षिक ग्राहक बनेर, आफ्ना गहन लेख रचना उपलब्ध गराएर एवम् विज्ञापन दिएर प्रत्यक्ष अप्रत्यक्ष सहयोग पनि गर्न सकिन्छ ।

गौरीका सम्पादक अर्जुन लामिछानेको अथक प्रयास, परिश्रम, साधना, समर्पण, गौरीप्रतिको लगावले अझ दीर्घ जीवन पाओस् । यही हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।❖

भिमसेनगोला, काठमाडौं

(लेखक भावातीत ध्यान एवं सिद्धि प्रशिक्षक हुन्)

विजया दशमी, शुभ दीपावली, न्यु दँया भिन्तुना एवम् छठ पर्व २०८२ को पावन अवसरमा वडाबासी समस्त दाजुभाइ, दिदीबहिनीहरूमा हार्दिक शुभकामना !

वडावासीहरूलाई अनुरोध-

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ–सराइ सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।
❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।
❖ आफ्नो वरपरको वातावरण सधैं सफा राखौं ।

काठमाडौ महानगरपालिका वडा नं.-२६
लैनचौर, काठमाडौं

पवित्र परिवेशमा गौरी

माया शर्मा

दक्षप्रजापति र प्रसूतिकी छोरी सतीदेवी हुन् । उनको विवाह भगवान् महादेवसित भएको थियो । बाबा दक्षप्रजापतिले घरमा ठूलो यज्ञ गर्दा सबै छोरी ज्वाइँलाई बोलाए तर महादेव र सतीदेवीलाईमात्र निम्ता गरेनन् । माइतीमा यज्ञ गर्दा आफू र पति शिवलाई मात्र नबोलाएको खबर थाहा पाएपछि विनानिम्तो सतीदेवी बाबाको आँगनमा पुगिन् । त्यहाँ उनलाई दक्षले सम्मान त गरेनन् उल्टो महादेवलाई समेत निन्दा गरे ।

पतिलाई गाली गरेको सहन नसकेर सतीदेवीले दक्षकै यज्ञको अग्निकुण्डमा हाम फालेर आफ्नो देह त्याग गरिन् । यो कथा विभिन्न पुराणमा हामीले सुन्दैआएका छौँ । तिनै सतीदेवी अर्को जन्ममा मेनकाको कोखबाट हिमालयपर्वतकी छोरी गौरी भएर जन्म लिएकी थिइन् भन्ने कथा पनि हामीले सुन्दै र पढ्दै आएका छौँ ।

हाम्रो नेपालको भूमिलाई सिँगार्न हो कि झैँ गरेर यहाँ थुप्रै हिमाल, उभिएका छन् जस्तै गौरीशङ्कर, अन्नपूर्णा, सगरमाथा, माछापुछ्रे, धौलागिरि, नीलगिरि, कञ्चनजङ्घा लगायतका हिमाल पहाडले सजिएको नेपालको माटो देवीपार्वतीको जन्मभूमि हो तथा तपोभूमि हो । यहाँ युगयुगमा धेरै ऋषिमुनिले तपस्या गरेर बसेका कथा पनि हामीले सुन्ने गरेका छौँ ।

गौरी पार्वती जे भने पनि हिमालय पर्वतकी पुत्री हाम्री देवी हुन् । पुराणहरूमा देवीका हजारौँ नाम छन् । ती गौरी देवीले कठोर तपस्या गरेर महादेव पशुपतिनाथलाई प्रसन्न पारेकी थिइन् भन्ने कथा हामीले सुनेकै छौँ । तिनको जोडी अभिन्न छ, आदर्शपूर्ण छ । अर्धनारीश्वरको रूपमा ती पूजिन्छिन् । शिवपार्वती हामी गृहस्थका लागि आदर्श देवता मानिन्छन् ।

हाम्रो देशमा बग्ने काली, कोशी, बाग्मती नारायणीलगायत धेरै नदीले तीर्थ, घाट, तपस्या गर्ने गुफा आदि बनाउँदै बगेका छन् । यही सन्दर्भमा बाग्मतीको किनारमा पशुपतिनाथ मन्दिरको नजिकै ईशान्य कोणमा रहेको गौरीघाट छ । तीर्थालुहरूले यही घाट हुँदै बगेकी बाग्मतीमा नुहाउने अथवा जल सिञ्चन गर्दछन् । यहाँ रहेका गौरी, शिवलिङ्ग, पवनपुत्र हनुमान् लगायत अन्य मूर्तिको दर्शन गरेर बाग्मती नदीको पुल तरेपछि पूर्वतिर केहीबेर पाइला चाल्दै जाँदा गुह्येश्वरी मन्दिरमा पुगिन्छ ।

तीर्थालुहरूले त्यहाँ दर्शन गरेपछि पशुपतिनाथमा पूजा गर्न सिँढी उक्लँदै मृगस्थलीतिर लाग्छन् । पशुपतिनाथमा पहिला दर्शन गर्ने तीर्थालुहरू पनि आर्यघाटमा बनेको बाग्मतीकै पुल तरेर केहीबेर सिँढी उक्लन्छन् र मृगस्थलीबाट गुह्येश्वरीमा दर्शन गर्न ओर्लेको देख्न पाइन्छ ।

यी खड्केरी चढ्दा र झर्दा बाटाको दायाँबायाँ विभिन्न देवालयहरू छन् । यहाँ पनि तीर्थालु देखिन्छन् । यहीँ बाँदरहरू यता र उता कुदेका हुन्छन् । यही पवित्र ठाउँमा स्वामी प्रपन्नाचार्य, योगी नरहरिनाथ जस्ता सन्तले आफ्नो आश्रम बनाएर वर्षौंवर्ष तपोमय जीवन यापन गरेका थिए । यी आश्रम पनि यहीँ देख्न पाइन्छ । यो बाटाको नजिकै जङ्गल छ । यहाँ कहिलेकाहीँ मृग जरायो पनि देख्न पाइन्छ । पशुपतिनाथको परिसरमा कति मठमन्दिर छन् । तीर्थालुहरूलाई के हेक्का हुन्छ र ? जता फर्क्यो उतै मन्दिर देखिन्छन् । बाग्मतीले पनि बग्न पशुपतिनाथ र गुह्येश्वरी मन्दिरको छेउ रोजेकी छन् । यस्तो पवित्र परिवेशमा गौरी नामक पत्रिका प्रकाशित हुँदैआएको छ ।

गौरी आध्यत्मिक साहित्यपरक मासिक पत्रिका हो । यसमा हाम्रो देशमा रहेका मठमन्दिर, तीर्थस्थल, आदर्श व्यक्तित्व, महिना अनि वर्षमा पर्ने पर्व, पौराणिक कथा, वैदिक दृष्टिकोण, विभिन्न दर्शन, आध्यात्मिक चेतना दिने कविता, आधुनिक सभ्यता, आदि लेख रचना छापिन्छन् ।

प्रकाशक सम्पादक अर्जुन लामिछानेको कुशल सक्रियतामा यो पत्रिका सफलताको यात्रामा छ । यसका अन्य सहयोगी हातहरूले पनि प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा यो पत्रिका प्रकाशन गर्न सघाएका छन् । त्यसैले सम्बन्धित सबै महानुभाव धन्यवादका पात्र छन् ।

यो पत्रिका एक्काइसौँ वर्षमा प्रवेश गरेको छ । यस्तो काम गर्न अथक प्रयासले मात्रै सम्भव हुन्छ । निरन्तरको मिहिनेत र लगनशीलताले व्यक्ति सफल हुने हो । त्यसैको फलस्वरूप २०८१ को रूपकुमारी अध्यात्मसेवा अनुष्ठानबाट अर्पण हुने पुरस्कार सम्मान आध्यात्मिक पत्रिका गौरीले पाएको थियो । त्यसैगरी यही वर्ष पनि सनातन धर्म सेवा समिति मोरङले समेत 'ओमप्रकाश उषादेवी गोयल आध्यात्मिक पुरस्कार'बाट पुरस्कृत गरेको थियो । काम गरिरहेपछि सफलता आउँदै जान्छ भन्ने कुरालाई यस्तै पुरस्कार र सम्मानले पुष्टि गर्दछन् । साथै व्यक्तिको काम गर्ने ऊर्जा पनि यस्तै पुरस्कारले बढ्दै जान्छ ।

आध्यात्मिक पत्रिका गौरीले यसरी नै निरन्तरता पाइरहोस्, अझै सफलताको सिँढी चढ्दै जाओस् । यही मेरो शुभकामना ।❖

-भसन्थली, कैलासकुञ्ज, बूढानीलकण्ठ ४

विजया दशमी, शुभ दीपावली, न्हु दँया भिन्तुना एवम् छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडावासीहरूलाई अनुरोध-

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ-सराइ सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।

❖ ऐतिहासिक सम्पदा जस्तै धारा, पाटी, पौवा तथा अन्य धार्मिक महत्वका स्थानहरूको संरक्षण तथा संवर्द्धन गरौं ।

❖ आफ्नो वरपरको वातावरण सधैं सफा राखौं ।

काठमाडौ महानगरपालिका वडा नं. -८

जयवागेश्वरी, काठमाडौं

विजया दशमी, शुभ दीपावली, न्हु दँया भिन्तुना एवम् छठ पर्व २०८२ को हार्दिक शुभकामना !

वडावासीहरूलाई अनुरोध-

❖ व्यक्तिगत घटनाहरू (जन्म, विवाह, बसाइ-सराइ सम्वन्ध विच्छेद, मृत्यु लगायत) घटना घटेको ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

❖ सडकपेटी र सार्वजनिक स्थलमा निर्माण सामग्री राखी आवागमनलाई अवरोध गर्ने कार्य नगरौं ।

❖ आफ्नो वरपरको वातावरण सधैं सफा राखौं ।

काठमाडौ महानगरपालिका वडा नं. -९

बत्तीसपुतली, काठमाडौं

हार्दिक शुभकामना

नेपाल हिन्दु राष्ट्र पार्टी प्रजातान्त्रिकको तर्फबाट सबै राष्ट्रवादी नागरिक तथा राजनेताहरूमा वि.सं. २०८२ सालको विजया दशमी, शुभ दीपावली, न्हुदँया भिन्तुना एवम् छठ पर्वको मङ्गलमय शुभकामना अर्पण गर्दछौं । हिन्दु राष्ट्रमा शान्ति कायम राख्न सरकारलाई दिव्य नजर खुलोस् !

'भवतु सर्व मङ्गलम्'

श्री १००८ महामण्डलेश्वर
विनोदानन्द गिरी महाराज







फर्केर हेर्दा

बर्ष २० अंक १, २०८१ असोज, पूर्णाङ्क २२१

सम्पादकीय

गौरी बन्दना: शुभ-कामना (कविता)

शुभकामना:

◆गौरीलाई शुभकामना- श्रीअघोरी श्मशानेश्वर चण्डी

◆शुभकामना- रावल गणेश भट्ट, प्रधान अर्चक, भगवान् श्रीपशुपतिनाथ मन्दिर

◆गौरीलाई शुभकामना- भरत गौतम, निर्देशक सूचना तथा प्रशारण विभाग

◆शुभकामना- रामचन्द्र तिमल्सिना, अध्यक्ष श्रीवैदिक अनुसन्धान समिति नेपाल

विशेष:

◆गौरी नामाकरणको रहस्य- प्रा. नवराज घिमिरे

◆आध्यात्मिक साहित्यमा गौरीको भूमिका- प्रा. डा. भूपहरि पौडेल

गौरी जपी बस्दछु (कविता)- धर्मानन्द भारवि

शिवको गौरी कृष्णको अर्जुन(विशेष)- सहप्रा. डा. विनु बाबा अर्याल

सनातन सात्तसुक्त: योगमाया गौरी विशेष)- डा. वी.पी. वडाल

टीकाको साइत

गौरी तिम्रो प्रतीक्षामा (कविता)- सुमित्रा चौलागाई

गौरी सनातन धर्मको २० वर्षे मुखपत्र (विशेष)- भागवतश्री न्यौपाने

गौरीलाई आँखा लगाउँदा(विशेष)- हिमालय गौतम

श्रद्धा र विश्वासको आधार (विशेष)- आचार्य ढुण्ढीराज न्यौपाने

गौरी: वर्ष १९ मा प्रकाशित लेख रचना

गतिविधि

बर्ष २० अंक २, २०८१ कात्तिक, पूर्णाङ्क २२२

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

के ईश्वर छ (कविता)- मनोज भण्डारी

कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

सिंतीको बाह्यसमाजमा- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'

मोक्ष चिन्तन, मोक्ष चिन्तन, लक्ष्यचिन्तन (चिन्तन)- डा.चिन्तामणिनाथ योगी

गोरक्षा एवम् गोसंरक्षण (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल

उत्तरगङ्गा मालुङ्ग (देशदर्शन)- पं. वेदप्रसाद पन्त

महर्षि महेशयोगी (व्यक्ति व्यक्तित्व)- उद्धवप्रसाद भट्टराई चैतन्यदीप

दीयोले नै दियो जलाउनु पर्छ (सममामयिक

धार्मिक आस्थासित जोडिएको बेल (संस्मरण)- मायादेवी शर्मा

महादेवको वहान नन्दि किन ?(पुस्तक अंश)- हरिप्रसाद सोडारी

गतिविधि

बर्ष २० अंक ३, २०८१ मङ्सिर, पूर्णाङ्क २२३

श्रीमद्भागवत महापुराण (अविच्छिन्न)

सम्पादकीय

नेपाल आमाप्रति कृतज्ञता (कविता)- मुकुन्द शर्मा, चालिसे

कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

अन्तरालमा ब्रह्मत्वको अनुभव- (अध्यात्म)- प्रा. शिवगोपाल रिसाल

पुरा मुख्यिारी देउ (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'

विष्णुकी प्रिया तुलसी (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल

कृष्णागण्डकी (महिमा)- पं. वेदप्रसाद पन्त

दिव्यचरित्र हिडम्वा (पौराणिक पात्र)- डा. कान्ता भट्टराई

नीलकण्ठ बाबाधाम (देशदर्शन)- भावगतश्री न्यौपाने

बालाचतुर्दशी पर्व

देवघाटधाम तथा कुम्भपर्व (पुस्तक अंश)- प्रा.डा. हरिप्रसाद







अधिकारी

गौरी मासिक पूर्णाङ्क २२२, एक पाठकको पाठकीइ विश्लेषण (समीक्षा)- गोकुल अधिकारी

गतिविधि

बर्ष २० अंक ४, २०८१ पुस, पूर्णाङ्क २२४

संक्षिप्त महाभारत (अविच्छिन्न)- केदारनाथ खनाल

सम्पादकीय

सद्ज्ञान (कविता)- देवराज उपाध्याय

कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

अहंकार र सवजज (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री'म'

सूर्यको महत्व किन ?(समयसन्दर्भ)- हरिप्रसाद सोडारी

पौष महिना र श्रीस्वस्थानी व्रत सन्दर्भ (विशेष)- गोविन्दचन्द्र सुवेदी

स्वस्थानीः संस्कृतिको धरोहर (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल

किशोर किशोरी शिक्षण प्रशिक्षण (शिक्षा)- शारदारमण नेपाल

वेदज्ञ डा. स्वामी प्रपन्नाचार्य (स्मृति)- मनोजकुमार ढुङ्गाना

नीलकण्ठ बाबाधाम गौधाम र कामाख्यादेवीको दर्शन (यात्रा स्मरण)- अर्जुन लामिछाने

योगी नरहरिनाथ स्मृतिग्रन्थ (समीक्षा)- राधेश्याम ढकाल

गतिविधि

बर्ष २० अंक ५, २०८१ माघ, पूर्णाङ्क २२५

संक्षिप्त महाभारत (अविच्छिन्न)- केदारनाथ खनाल

सम्पादकीय

माघेसङ्क्रान्ति (कविता)- विजयराज न्यौपाने

कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज केशवशरण

वास्तविक धनी धनी र सम्पन्नताको अर्थ (स्व-अनुभूति)- श्री अघोरी श्मशानेश्वर चण्डी

सिंतिको ब्राह्मसमाज (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री'म'

विद्या ज्ञानकी अधिष्ठाती देवी सरस्वती (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल

महाकुम्भः आस्था, परम्परा र सांस्कृतिक एकताको संगम (विशेष)- भागवतश्री न्यौपाने

माघ महिना र मकर स्नानको धार्मिक महत्व (समयसन्दर्भ)- पं. बालमुकुन्द देबकोटा

देवघाटः देवप्रयाग धाम (देशदर्शन)- पं. वेदप्रसाद पन्त

मगरहरू किरात कुलका क्षेत्रीयहरू हुन् (खोज)- शम्शेरबहादुर आले मगर

देवघाट मकर मेला (मेला/पर्व)- अर्जुन लामिछाने

गतिविधि

बर्ष २० अंक ६, २०८१ फागुन, पूर्णाङ्क २२६

संक्षिप्त महाभारत (अविच्छिन्न)- केदारनाथ खनाल

सम्पादकीय

कर्मस्तुति (कविता)- डा. बद्री पोखेल

शिवसूत्र (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल

शिवरात्रि किन मनाउने (समयसन्दर्भ)- हरिप्रसाद सोडारी

पशुपति ज्योतिर्स्तम्भ (विशेष)- मनोजकुमार ढुङ्गााना

पूर्ण ज्ञानपछि अभेद । ईश्वरप्रति मातृभाव (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री'म'

पशुपतिका भण्डारीहरू (इतिहास)- शङ्करमान भण्डारी

कर्मयोग श्रीगण्डकी शत कुण्डीय गायत्री कोटिहोम महायज्ञः धर्म, संस्कृति र आध्यात्मिक जागरणको महामिलन (संस्कार)- भागवतश्री न्यौपाने

योगः मानव स्वास्थ्य र शान्तिको माध्यम (स्वास्थ्य)- पं. मधुसूदन सुवेदी

गतिविधि







बर्ष २० अंक ७, २०८१ चैत, पूर्णाङ्क २२७

संक्षिप्त महाभारत (अविच्छिन्न)- केदारनाथ खनाल

सम्पादकीय

टोपी लगाऔं (कविता)- अनन्तकुमार बस्नेत

कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज 'केशवशरण'

सत्यका प्रवर्तक श्रीराम (समसामयिक)- सहप्रा. डा. विनुबाबा अर्याल

समाधि तत्त्व (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री'म'

राम र कृष्णमा को ठूलो ? (तुलना)

वाग्मती सफाई महाअभियानले नदी सफाइमा ठूलो जागरण ल्याएको छ (अन्तरवार्ता)- किशोरसिंह शाही

क्षमाशीलता र जीवन रूपान्तरण (नैतिकता)- शारदारमण नेपाल

ऐतिहासिक श्रीपशुपति कोटिहोमः मानवता र सेवाको प्रेरणदायी यात्रा (समयसन्दर्भ)- भागवतश्री न्यौपाने

धर्मः स्वभाव स्वाभिमान, इतिहास र पहिचान (दस्तावेज)- डा. चिन्तामणि नाथ योगी

वि.सं. २०८१ सालको वत्सलेश्वरी जात्रा

गतिविधि

बर्ष २० अंक ८, २०८२ बैशाख, पूर्णाङ्क २२८

संक्षिप्त महाभारत (अविच्छिन्न)- केदारनाथ खनाल

सम्पादकीय

कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज 'केशवशरण'

रामराज्यको महिमा (समसामयिक)- सहप्रा. डा. विनु बाबा अर्याल

साधनाको आवश्यकता (आध्यात्मिक वार्ता)-श्रीमहेन्द्रनाथ गुप्त श्री'म'

एकादशी विवेचना (संस्कृति)- दामोदर पौडेल

गण्डकी र गायत्री मन्त्रको आध्यात्मिक सम्वन्ध (समयसन्दर्भ)- भागवतश्री न्यौपाने

कोटिहोमको माध्यमबाट धार्मिक एवम् सामाजिक जागरण भएको छ (अन्तरवार्ता)- बालयोगेश्वर विजयकृष्णमूर्ति

गण्डकी प्रदेशका अकलादेवी शक्तिपीठहरू तथा ढुङ्गेसाँघु हरिहर क्षेत्रमा स्थित अकलादेवी मन्दिर (देश-दर्शन)- भरत गिरी

कपिलवस्तुको वास्तु, नगरयोजना (इतिहास)- मनोजकुमार ढुङ्गाना

पुनर्जीवन ध्यानसंस्कार (ध्यान)- माधवप्रसाद अधिकारी

गतिविधि

बर्ष २० अंक ९, २०८२ जेठ, पूर्णाङ्क २२९

संक्षिप्त महाभारत (अविच्छिन्न)- केदारनाथ खनाल

सम्पादकीय

मुटुको व्याथा (कविता) प्रा.डा. ऋषिराम पोखरेल

कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज 'केशवशरण'

रामराज्यको महिमा-२ (समसामयिक)- सहप्रा. डा. विनु बाबा अर्याल

बडाबजारमा श्रीरामकृष्ण (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री'म'

बर र पीपलः धर्म र विज्ञान (विश्लेषण)- सुजन पराजुली कौडिन्य

गायत्री मन्त्रको रहस्य (महिमा)- सन्तोष न्यौपाने

महायज्ञ विधिपूर्वक सम्पादित भएको पाएको छु (दस्तावेज)- जगद्गुरू शङ्कराचार्य नरेन्द्रानन्द सरस्वती

महिला पञ्चैबाजाः सामाजिक रूपान्तरणको सशक्त क्रान्ति (अन्तरवार्ता)- कमला पराजुली, भुषाल

पर्वत; पार्वती जन्मभूमि (देश-दर्शन)- भुवन राज सुवेदी शास्त्री

आधुनिक जीवनमा यज्ञको महत्व (संस्कार)- सुजनप्रेमी सुवेदी

भगवान्को जीवनीबाट के सिक्ने ? (प्रेरक प्रसंग)- कोष भारद्वाज

गायत्री महाशक्ति र यज्ञ संस्कृतिको अदभूत संगमः श्रीश्रीगण्डकी शतकुण्डीय गायत्री कोटिहोम (समयसन्दर्भ)- भागवतश्री न्यौपाने

गतिविधि





बर्ष २० अंक १०, २०८२ असार, पूर्णाङ्क २३०
संक्षिप्त महाभारत (अविच्छिन्न)- केदारनाथ खनाल
सम्पादकीय
उत्तरकाशी (कविता)- डा. मोहन उपाध्याय, ढकाल
कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज 'केशवशरण'
वृहस्पति अस्तः के गर्ने के नगर्ने ? (समयसन्दर्भ)- पं. बालमुकुन्द देवकोटा
दक्षिणेश्वर मन्दिरमा मनमोहा, महिमा आदि विभिन्न भक्तहरूसँग (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री'म'
२८ व्यासहरूको वर्णन (समसामयिक)- मोहनप्रसाद आचार्य
देव हयग्रीव र दानव हयग्रीव (रहस्य)- सहप्रा. डा. विनु बाबा अर्याल
कोटीहोमले पोखरामा सकारात्म भाव पैदा भएको छ (अन्तरवार्ता)- युवराज लामिछाने
कालजयी महर्षि माण्डव्य (पुराण-पात्र)- पं. वेदप्रसाद पन्त
गण्डकीको महिमा (महिमा)- सविन प्रभात
प्रकृतिः अध्यात्मको जागरण (विश्लेषण)- आचार्य सुरज कौडिन्य पराजुली
मेथीको उपयोगिता (आयुर्वेद)- डा. किशोरनारायण श्रेष्ठ
नयाँ विहानीको यात्रा (गीत)- विपीन ढकाल
गतिविधि

बर्ष २० अंक ११, २०८२ साउन, पूर्णाङ्क २३१
संक्षिप्त महाभारत (अविच्छिन्न)- केदारनाथ खनाल
सम्पादकीय
पूर्णताको खोजी (कविता)- प्रा.डा. ऋषिराम पोखरेल
कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज 'केशवशरण'
मानव जीवनको अभिलाशाः शान्ति (अध्यात्म)- श्रीअघोरी श्मशानेश्वर चण्डी
गण्डकी महात्म्येः शालग्रमस्तोत्रम् (महिमा)- अनुवाद आचार्य सन्तोष सुवेदी
भाव महाभावको गूढ तत्व (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'
पाशुपत क्षेत्रको पर्यावरण र यौगिक ध्वनि (अनुसन्धान)- प्रा.डा. विष्णु दहाल
एक पवित्र आध्यात्मिक धरोहरः श्रीनृसिंह धाम (देश दर्शन)
ऐनको परिमार्जन पछि कोषले सकारात्मक गति लिन्छ (अन्तरवार्ता)- सुभाष चन्द्र जोशी, निमित्त सदस्यसचिव पशुपति क्षेत्र विकास कोष
पशुपतिनाथ प्राङ्गणका भैरवमूर्तिहरू (परिचय)- सहप्रा. डा. विनुबाबा अर्याल
पशुपति दर्शन (विधि)- भोला सिटौला
शिवपुराणभित्र के छ ? (पुराण प्रसंग)- मोहनप्रसाद आचार्य
विविध शिवस्वरूपहरूको प्रतिष्ठा एवम् उपासनाको फल (पुस्तक अंश)- अनुवादक डा. गोविन्द टण्डन
गतिविधि

बर्ष २० अंक १२, २०८२ भदौ, पूर्णाङ्क २३२
संक्षिप्त महाभारत (अविच्छिन्न)- केदारनाथ खनाल
सम्पादकीय
नदुखाउ कवै मन (कविता)- कृष्ण अधिकारी
कर्मयोग (गीताज्ञान)- आचार्य खेमराज 'केशवशरण'
महामन्त्र गायत्री (समसामयिक)- पं. वेदप्रसाद पन्त
सच्चा भक्त (प्रेरक कथा)- दिलीप पौड्याल
संन्यास तथा गृहस्थाश्रम । ईश्वर लाभ र त्याग (आध्यात्मिक वार्ता)- श्रीमहेन्द्रनाथ गुप्त श्री 'म'
षोडश श्राद्धः पितृहरूको सम्मान (समय सन्दर्भ)- सहप्रा. डा. विनुबाबा अर्याल
आमा (कविता)- भुवन सुवेदी शास्त्री
जय श्रीकृष्ण (चुड्का भजन)- सुरेशराज भट्ट
महालक्ष्मी व्रत (व्रत/उपासना)- पं. मधुसूदन सुवेदी
सुद्युम्नको कथा (पुराण प्रसंग)- मोहनप्रसाद आचार्य
नेपाल टु लिड द वर्ल्ड (इतिहास)- गोपाल कुमार मैनाली
दुप्चेश्वर महादेव दर्शन (यात्रा स्मरण)- अर्जुन लामिछाने
गतिविधि ❖

नयाँ प्रधानमन्त्रीलाई शुभकामना

नेपालका विभिन्न धार्मिक पीठका पीठाधीश सहितका सन्तमहन्तहरूले नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीलाई शुभकामना दिनुभएको छ । सामूहिक रूपमा विज्ञप्ति जारी गर्दै उहाँहरूले २०८२ भदौ २३/२४ गते भएको आन्दोलनको क्रममा नवयुवा पुस्ताको मागअनुसार अन्तरिम सरकारकी प्रधानमन्त्री बन्नुभएकी कार्कीलाई युवा पुस्ता र आम नेपाली नागरिकमा व्याप्त चरम राजनैतिक असन्तुष्टिलाई मध्यनजर गरी राज्यसञ्चालन गर्ने विवेक र सामर्थ्य प्राप्त होस् भन्ने प्रार्थना गर्दै सफल र सार्थक कार्यकालको शुभकामना प्रकट गर्नुभएको हो ।

विज्ञप्तिमा उहाँहरूले नेपाललाई शान्ति, सुव्यवस्था, समुन्नती, सुरक्षा र पुननिर्माण सहित विश्वभरिकै आध्यात्मिक गुरूराष्ट्रका रूपमा सर्वोच्चता दिलाउनका लागि वैदिक, बौद्ध, जैन, सिख, किराँत, वोन लगायत रैथाने स्वदेशी संस्कृति संस्कार र ॐकार परिवारका सबै धर्मधाराहरूको संरक्षण गर्ने विश्वकै एकमात्र सनातन हिन्दु अधिराज्यको रूपमा पुनःस्थापित गर्ने दिशामा समेत प्रधानमन्त्रीको सकारात्मक सहयोगको अपेक्षा गर्नुभएको छ । शुभकामना व्यक्त गर्दै विज्ञप्ति जारी सन्तमहन्तहरूमा श्री १००८ स्वामी ज्ञानानन्द सरस्वतीजी महाराज, पीठाधीश, हरिहर संन्यास आश्रम; श्री १००८ स्वामी आत्मानन्द गिरिजी महाराज पीठाधीश, गलेश्वर आश्रम; श्री स्वामी देवराजाचार्य, अध्यक्ष श्री वैष्णव परिषद् नेपाल; श्री स्वामी अनन्तश्रीविभूषित बालसन्त मोहनशरण देवाचार्य महाराज, चतारा धाम; श्री १००८ स्वामी रमणानन्द गिरिजी महाराज पीठाधीश, महेश संन्यास आश्रम; डा. चिन्तामणिनाथ योगी, संयोजक विश्व ॐकार एकता महाभियानका साथै सनातन हिन्दु राष्ट्र महाभियान लगायत समग्र धार्मिक संघ संस्थाहरू रहेका छन् ।

तीज पर्व २०८२ मा जे देखियो

हिन्दु नारीहरूको महान पर्व हरितालिका तीज २०८२ को अवसरमा भगवान् श्रीपशुपतिनाथ मन्दिर परिसर खोजखवर शिविरमा माइकिङमा सूचना/सन्देश दिने कार्यमा सहभागी भई सेवा गरेको थिएँ । विहान २:१५ मा मेला क्षेत्रमा प्रवेश गरी साँझ ७:३० सम्म यसै क्षेत्रमा रहेर व्यवस्थापन पक्षलाई समेत नियाल्दा मैले प्राप्त गरेका केही सकारात्मक एवम् नकारात्मक पक्षलाई बुँदागत रूपमा प्रस्तुत गरेको छु ।

सकारात्मक पक्षः

१. यस वर्ष मौसमले निकै साथ दियो, मेला अवधिभर न त पानी पर्‍यो न त चर्को घाम नै लाग्यो । उक्त दिन अत्यन्तै अनुकुल मौसम थियो ।

२. विगतदेखि चल्दै आएको पर्व विशेष पासको व्यवस्था पूर्ण रूपमा खारेजी गर्दा पशुपति क्षेत्र विकास कोषको आर्थिक व्यहभार मात्रै होइन व्यवस्थापन पनि निकै चुस्त र छरितो भएको पाइयो । पास नै नछापिएपछि त्यसको दुरुपयोग हुने कुरै आएन ।

-विगत लामो समयदेखि मेला पर्वमा स्वयंसेवा गर्दैआएका प्रायः सबै संस्थाले यस तीज पर्वमा स्वयंसेवक परिचालन गरिएको देखिएन । नवरस स्काउट, नव अमरकान्तेश्वर युवा समूह, एनसीसी, श्रीशक्ति महिला समूह बाहेक पुराना धार्मिक एवम् सामाजिक संस्थाले स्वयंसेवा गरेको देखिएन । बरू नयाँ संस्था मरेठा सेवा प्रतिष्ठान र गौरीघाट सुधार समितिका केही स्वयंसेवीहरू लाईन मिलाउन खटिएका देखिए ।

-पासको व्यवस्था खारेज गरिएपछि मन्दिर प्रवेशका कुनै पनि गेटमा अनावश्यक झुण्डले कोर क्षेत्र एवम् मन्दिर प्रवेशको निम्ति धरकपट गरेको र अनावश्यक भीड गरेको देखिएन ।

३. दुई महत्त्वपूर्ण क्रसिङमा ओभरपासिङ (अस्थायी पुल) बनाउनाले भक्तजनलाई आवतजावतमा निकै सहजता मिलेको महसुस भयो ।

४. तीजको दिन विशेष पूजा नराखिंदा पिक आवर ९:३० पछिको समयमा पनि लाइन विहान जत्तिकै सुचारू भएको पाइयो । केवल भगवान्‌को भोगको समय बाहेक हरेक समय कुनै पनि मार्गमा दर्शनको निम्ति लाइनमा रहेका भक्तजन पर्खनु र उभिइरहनु परेको देखिएन ।

५. सुरक्षा व्यवस्थापन निकै प्रभावकारी देखियो । विगतका तुलनामा निकै कम चोरीका घटनाहरू खोजखवर शिविरमा आए ।

क. भक्तजनहरू वाग्मतीमा अन्जानवस डुब्लान् कि भनी सशस्त्र प्रहरीको एक टोली डुङ्गा सहित वाग्मती नदीमा तैनाथ थियो ।

ख. मेला क्षेत्रमा दमकल र एम्वुलेन्सको समेत पर्याप्त व्यवस्था गरिएको पाइयो ।

६. मेलाको दिन समेत रिङरोडको यातायात व्यवस्थामा कुनै

वाधा देखिएन, एकदम सहजसँग सुचारू भएको देखिन्थ्यो ।

७. विगतमा भन्दा चन्दन वितरणको कार्य पनि निकै प्रभावकारी देखियो ।

८. विहान दश बजेसम्मको आँकडा हेर्दा विगतका पर्वहरूमा पशुपति क्षेत्र विकास कोषको व्यवस्थापकीय कमजोरीका कारण घण्टौं लाइनमा बसेर समेत दर्शन गर्न नसकेका कैयौं भक्तजनहरू पशुपतिनाथ मन्दिरको विकल्पको रूपमा अन्य मन्दिरको दर्शनतिर लागेछन् कि भन्ने भान भएको थियो । तर त्यसपछिका समयमा भक्तजनको चाप निकै बढेको देखियो, व्यवस्थापकीय चुस्तताले लाइन सरासर अगाडि बढेको जो कोही प्रत्यक्षदर्शीले महसुस गरेका थिए ।

९. भक्तजनको पर्याप्त पहुँच हुने प्रकारले विभिन्न स्थानमा स्वास्थ्य शिविर सञ्चालन गरिएको पाइयो, मेलामा एक्कासी लडेर टाउकामा चोट लागेर घाइते बनेकी एक जना महिलाको उपचार गरिएको भए पनि अन्य आकस्मिक घाइते बनेका घटना खासै आएनन् ।

नकारात्मक पक्ष र आवश्यक सुधार:

१. पछिल्ला समय निरन्तर पशुपति क्षेत्र विकास कोषका विषयमा आएका नकारात्मक समाचारहरूको प्रभावले भक्तजनहरू केही कमी भएका हुन् कि भन्ने आसंका धेरैले व्यक्त गरेको सुनियो ।

२. टोलटोलमा महादेवको मन्दिर, शिवलिङ्गको स्थापना भएकोले विगत केही वर्षदेखि नै क्रमशः पशुपतिनाथ दर्शनमा आउने भक्तजनहरू तिनै मन्दिरतर्फ आकर्षित भइरहेका देखिन्छन् । उदाहरणको रूपमा, केही वर्ष अगाडिसम्म साउनका हरेक चार/पाँच वटै सोमबार दर्शन गर्ने भक्तजन पनि अहिले केवल एउटा सोमबाट मात्र पशुपतिनाथको दर्शन गर्न आएको बताउने गर्दछन् ।

३. उप्रेती समाज सहित केही संस्थाले भुवनेश्वरीमा गरेको सेवा कार्य सह्रानीय थियो तर मनोरञ्जनका निम्ति ठूलो आवाजमा स्पीकरमा गीत बजाइदिनाले नजिकै स्वास्थ्य शिविर सञ्चालन गर्ने सशस्त्र प्रहरीको स्वास्थ्य सेवा कार्य र खोज खवर शिविरको माइकिङमा निकै वाधा गरेको र मूल सडकमा नाचगान भएपछि आवातजावतलाई समेत कठिनाइ भएको महसुस भयो । सकभर मेलामा आवतजावन गर्न असर नहुने गरी नाचगानको स्थान तोकिनु पर्दछ ।

४. कोषले तीज पर्वको तयारी सम्वन्धमा निकै पछि र नितान्त अनौपचारिक रूपमा मिटिङ, बैठक शुरू गर्‍यो । हिन्दु नारीहरूको महत्त्वपूर्ण पर्व भएकोले यस पर्वलाई निकै भव्यताका साथ सम्पन्न गर्न पर्याप्त छलफल गरिनु पर्दछ । हरेक वर्ष विगतको तुलनामा अझ सभ्य र भव्य रूपमा मेला सञ्चानल हुनु पर्दछ ।

५. विगतमा लाईन व्यवस्थापनमा स्वयंसेवा प्रदान गरिरहेका स्वयंसेवी संस्थालाई कुनै न कुनै भूमिकामा आवद्ध गराई समेट्न सके राम्रो हुन्छ ।

६. पशुपतिनाथमा सधैं खटिने संस्थासंस्थाले कोर क्षेत्रमा या मन्दिरभित्र सेवाको अभिलाशा राख्नु स्वभाविकै हो, यस्तो समयमा ती संस्थाको न्यून संख्यामा भए पनि प्रतिनिधित्व गराउन सके आगामी दिनहरूमा समेत सेवा गर्न उनीहरूको पनि आत्मवल बढ्ने थियो कि !

७. मेलामा आवश्यक स्थानमा अस्थायी क्रसिङ पुल बनाउने तर मेला सकिएपछि तुरून्त ती अस्थाइ पुललाई हटाउनु पर्दछ । यसपटकको प्रयास निकै सह्रानीय लाग्यो ।

८. निःशुल्क पानी वितरण बाहेक चिया, जुस या अन्य फलफूल वितरण गर्ने संघसंस्था खासै देखिएनन् । उनीहरूलाई आह्वान गरी यस्ता वस्तुहरूको समेत वितरण गर्ने व्यवस्था मिलाउन सके दर्शनार्थीहरूलाई केही राहत मिल्ने थियो ।

९. कोषले आफैं या दाता परिचालनमार्फत भक्तजनको निम्ति चन्दन सहित केही प्रसादीको व्यवस्था गर्न सके अझ राम्रो हुने थियो ।❖

शुभकामना

नेपालीहरूको महान पर्व बडा दसैं, शुभ दीपावली, नेपाल सम्वत् ११४६ (न्हु दँया भिन्तुना) तथा छठ पर्वको सुखद् अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।



सत्सङ्ग परिवार
जाउलाखेल, ललितपुर

चाडपर्वप्रति सम्मान गरौं !

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रूपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्‌भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरूलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन वोर्ड

बडा दशैं २०८२ को हार्दिक शुभकामना!

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

उत्तरगण्डकी महामेला दामोदर धर्मोत्सव-२०८२

गल्याङ् न.पा-१ मालुङ्गा, स्याङ्जा र रम्भा गा .पा १ असेर्दी ,पाल्पाको संगमस्थल

उत्तरवाहिनी क्षेत्र

असोज २१ देखि कार्तिक १९ गतेसम्म

चैतन्यकृष्ण

कार्यक्रममा सहभागी हुन हार्दिक निमन्त्रणा

हाम्रा आकर्षणहरू :

- सवा लाख शालग्राम भगवानको दर्शन एकै स्थानमा
- चतुर्मासको अन्तिम महिना पवित्रतम कार्तिकमास दामोदर मासमा उत्तरवाहिनी गण्डकीको स्नान, तर्पण एवं श्राद्ध
- ग्रह शान्तिका लागि विघ्ननाशक भगवान नृसिंहको विशेष पूजन
- चार वेद एवम् पुराणहरूको पाठ पारायण
- सन्त महापुरुषहरुबाट आशीर्वचन एवम् कथा प्रवचन
- विशेष साङ्गीतिक कार्यक्रम, सङ्गीतमय दिव्य प्रवचन

आयोजक:

श्री कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठान